चाडपर्वमा अनावश्यक
खर्च नगरौं ।
मद्यपान र जुवातासजस्ता
विकृतिको
अन्त्य गरौं ॥

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक
eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक
पढ्न चाहनुहुन्छ भने लग
अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० कात्तिक ०३ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 October 20 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ६२

## वीरगंजका दुवै मेलामा भीड बढी, बिक्री कम



सडकपेटीमा लागेको परम्परागत बजार र आदर्शनगर क्षेत्रमा लगाइएको रात्रिबजार । तस्वीरः नितेश कर्ण

प्रस, वीरगंज, २ कात्तिक/

वीरगंज महानगरमा बडादशैंको अवसरमा दुईवटा मेला लागेको छ । एउटा परम्परागत र अर्को महानगरले सञ्चालन गरेको रात्रिबजार ।

महानगरले यसपटक दशैंलाई लक्षित गरेर पहिलोपटक लगाएको पाँच दिने रात्रिबजारमा सांस्कृतिक कार्यक्रम हेर्ने र फास्टफूड खानेहरूको सङ्ख्या बढी देखिए पनि त्यहाँ राखिएका स्टलहरूबाट मालसामान खरीद गर्नेहरूको सङ्ख्या कम रहेको स्टल सञ्चालकहरूले बताएका छन् ।

रात्रिबजारमा रूँगटा वेलफेयरले खानेतेलको स्टल राखेको र त्यहाँ रहेका सरोज भन्ने व्यक्तिले दर्शकहरूको भीड भएपनि बिक्री भने नभएको गुनासो गरे । उनले प्रचलित मूल्यभन्दा कार्टुनमा रु ५० कममा तेल बिक्रीको राखेको तर खरीद गर्नहरू न्यून ग्राहक आएको बताए । यसअघि, वीरगंज उद्योग वाणिज्य सङ्घले दशैंलक्षित सस्तो बजार सञ्चालन गर्दै आएको थियो तर यस वर्ष महानगरले रात्रिबजार सञ्चालन गरेपछि सस्तो बजार सञ्चालनमा आएन । सस्तो बजारलाई रात्रिबजारमा समाहित गरिएको छ ।

खाद्यान्नका सामग्रीहरू, अटोमोबाइलण, फास्टफूड, लत्ताकपडा बिक्रीका स्टलहरू रहे तापनि त्यहाँ खासै भीड छैन । सांस्कृतिक कार्यक्रम शुरू हुनुअघि युवाहरूको भीड हुने गरेको र त्यो भीड राति साढे ११ बजेसम्म कार्यक्रम सञ्चालन रहुन्जेल रहने गरेको छ। ठूलो सङ्ख्यामा मानिसहरूको उपस्थिति भएपनि स्टलहरूले आकर्षित गर्न सकेका छैनन् ।

रात्रिबजार असोज २८ देखि शुरू भए आज कात्तिक ३ गते समाप्त भयो ।

यता, विपी उद्यानदेखि आदर्शनगर चोक र माईस्थानचोकदेखि गीता मन्दिर चोकसम्म लाग्दै आएको परम्परागत मेलामा पनि ग्राहकहरू न्यून नदेखिएका पसलेहरूले बताएका छन् ।

घटनास्थापनाको दिनदेखि विपी उद्यानदेखि महावीर मन्दिरसम्म र माईस्थानचोकदेखि गीता मन्दिरसम्म फूटपाथमा पसलहरू थापिएका छन् । ती खुद्रा पसलका कारण पछाडि रहेका सटरवाला पसलहरूको बिक्री कम भएको छ। यसै पनि आर्थिक मन्दीको कारण वीरगंजमा दशैंको चहलपहल एकदमै न्यून देखिएको व्यापारीहरूले गुनासो गर्दै आएका छन् । मेलाको कारण ती पसलहरूको बिक्रीमा झनै कमी आएको छ। यो पीडा पसलेहरूको वार्षिक हो ।

परम्परागतरूपमा लागेको मेलामा खेलौनाहरू, खाद्यान्नमा जिलेबी, कस्मेटिक सामानहरू, भाँडाकुँडा बिक्रीका लागि राखिएका छन् । सोको बिक्री अहिले शुरू भइनसकेको खुद्रा पसलेहरू बताउँछन् ।

माईस्थानका किरानापसले राजेशले बजारमा भीड देखिए पनि खरीद गर्नेहरूको सङ्ख्या कमै रहेको बताए ।

फूटपाथमा खुद्रा खेलौना पसल थापेकी भारतीय महिला मालती देवीले मेलामा बिक्री कम भएको बताइन् । उनले सप्तमी, अष्टमी, नवमीमा मेला लाग्ने र ग्रामीण क्षेत्रबाट मानिसहरू आएमा बिक्री बढ्न सक्ने बताइन् ।

अर्का खेलौनाका खुद्रा पसले रमेशले पाँच/सात वर्षदेखि आफूले पसल थाप्दै आएको तर कोरोनाकालदेखि खेलौनाको बिक्री निकै पातलिएको बताए । खेलौना बिक्री गर्ने आफ्नो पुश्तैनी पेशा भएकोले आफूले पनि योलाई निरन्तरता दिएको उनको भनाइ छ । परम्परागत मेलामा घण्टाघरमा भने खसी, बोकाको बिक्री बढेको देखिन्छ । अष्टमीमा गहवामाई मन्दिरमा बलि दिने हुनाले बोकाको बिक्री अहिले बढेको बताइन्छ ।

त्यसैगरी, दशैंमा खसीको बिक्री पनि बढेको छ । घण्टाघरनजीक नेपाल टेलिकम वीरगंज शाखादेखि पूर्वतर्फको इनरबाइपासमा खसी र बोकाको बिक्री भइरहेको व्यापारीहरूले बताए ।

## वीरगंज महानगरद्वारा गत वर्षको तुलनामा तीन महीनामा तीन करोड राजस्व बढी सङ्कलन

प्रस, वीरगंज, २ कात्तिक/

वीरगंज महानगरपालिका कार्यालयले गत वर्षको तुलना तीन महीनामा तीन करोड राजस्व बढी सङ्कलन गरेको छ ।




वीरगंज महानगरपालिकाका राजस्व महाशाखा प्रमुख मनोज कर्णले चालू आवको तीन महीनामा १६ करोड २६ लाख ३६ हजार ४७३ राजस्व सङ्कलन भएको बताए । उनले गत वर्ष तीन महीनामा १३ करोड ४४ लाख १८१ राजस्व सङ्कलन भएको र यो गत वर्षको तुलनामा करीब तीन करोड बढी भएको बताए ।

प्रमुख कर्णले चालू आवमा सम्पत्ति करबाट सात करोड ४३ लाख ८२ हजार, भूमि/मालपोतबाट ३८ लाख ३२ हजार ४७८, घरबहाल कर एक करोड ७२ लाख २४ हजार ११७, घरबहाल बिटौरीकर आठ लाख १२ हजार, सवारीसाधन कर (साना सवारी) १० लाख ९९ हजार ३५०, पूर्वाधार सेवाको उपभोगमा लाग्ने कर एक लाख ७७ हजार आठ सय, व्यवसाय रजिस्ट्रेशन दस्तुर एक करोड आठ लाख २६ हजार २३०, अखेटोपहारमा लाग्ने करबाट ६१ लाख, सरकारी सम्पत्ति बहालबाट प्राप्त आय एक करोड २७ लाख ९६ हजार २०४, निजी धाराबापतको शुल्क ६६ हजार १५०, अन्य सेवा शुल्क एक करोड २७ लाख सात हजार २७८, अन्य प्रशासनिक सेवा शुल्क पाँच लाख ८४ हजार ११५, नक्शापास दस्तुर एक करोड चार लाख ४४ हजार ६१२, सिफारिश दस्तुर ७२ लाख २६ हजार ५४१, व्यक्तिगत घटना दर्ता दस्तुर नौ लाख ३८ हजार ३०६, नाता प्रमाणित दस्तुर सात लाख ७४ हजार ७८०, अन्य दस्तुर एक लाख १७ हजार सात सय, प्रशासनिक दण्ड जरिवाना जफत २३ लाख २३ हजार ८३ र बेरुजूबाट एक लाख ९५ हजार ८६० गरी कुल १६ करोड २६ लाख ३६ हजार ४७३ राजस्व सङ्कलन भएको जानकारी गराएका छन् ।

## रौतहट कारागारका बन्दीहरू चामल बेचेर पीठो खाँदै

प्रस, रौतहट, २ कात्तिक/

गौर कारागारका कैदीबन्दीले सरकारद्वारा उपलब्ध गराइएको चामल बिक्री गर्ने गरेका छन् ।




प्रतिकैदीबन्दीलाई सरकारले ७५० ग्राम मन्सुली चामल र ८० रुपैयाँ दुई छाकका लागि दिएकोमा चामल भने कैदीबन्दीहरूले बिक्री गर्ने गरेको पाइएको छ। उनीहरूले चामल बिक्री गर्नुको उद्देश्य भने पीठो खरीद गर्नका लागि गरिएको एकजना कैदीबन्दीले बताए ।

सरकारले पीठो उपलब्ध नगराउने र चामल मात्र दिने गरेकोले बढी भएको चामल पीठो खरीद गर्नका लागि बिक्री गर्दै आएको उनको भनाइ छ ।

बढी भएको चामल बिक्री गर्छौं अनि सोबाट प्राप्त रकमले पीठो खरीद गर्छौं, उनले भने । कारागारमा प्रतिदिन रोटी खाने कैदीबन्दीहरू २० जना र एक छाक

(बाँकी अन्तिम पातामा)

## वडाको समस्या समाधान गर्न नगरप्रमुखको ध्यानाकर्षण

नरेश यादव, पर्सागढी, २ कात्तिक/

पर्सागढी नगरपालिका–६ का अध्यक्ष नवलकिशोरकुमार गुप्ता र वडावासीहरूले नगरप्रमुख गोकर्ण पाठकलाई भेटेर वडाको समस्याबारे ध्यानाकर्षण गराएका छन् ।



तस्वीरः प्रतीक

वडाध्यक्ष गुप्ताले वडामा सचिव नभएकोले विभिन्नखाले समस्या सिर्जना भएको बताए । उनले वडामा सचिवको अविलम्ब व्यवस्था गर्न माग गरे ।

यसैगरी, वडास्तरीय बजेटबाट सिंचाइ, सार्वजनिक जग्गा खोजतलाश, शिक्षक समस्या, खेलमैदानको संरक्षण हुँदै आएको तर बजेट पर्याप्त नभएको हुँदा नगरस्तरीय बजेट वडामा विनियोजित हुनुपर्ने माग राखे ।

नगरप्रमुख पाठकले सङ्घीय सरकारबाट सचिवको खटनपटन हुने भएको र त्यसका लागि कर्मचारी माग गरिएको र सो नआउँदासम्म उपलब्ध कर्मचारीबाटै काम चलाउन सुझाव दिए । उनले कार्यालय बन्द गरेर कर्मचारी पूर्ति नहुने भन्दै भएको कर्मचारीबाट तत्कालको लागि काम चलाउन र सरकारले पठाएपछि पूर्ति हुने भन्दै वडाध्यक्षलाई सम्झाए । उनले नगरस्तरीय बजेटबाट सबै वडाका समस्या समाधान गर्नुपर्ने दायित्व रहेकोले बजेट समानरूपमा प्रयोग हुँदै आएको बताए ।

एउटै वडालाई लक्षित गरेर नगरस्तरीय बजेट विनियोजित नगरिएको भन्दै उनले वडास्तरमा कसैलाई काखापाखा नगरी काम गरिरहेको बताए। उनले सार्वजनिक जग्गा संरक्षणमा नगरपालिकाले पनि वडासँगै हातेमालो गर्दै आएको र यसलाई निरन्तरता दिने बताए । उनले वडामा भएका समस्याहरूलाई अवगत गराउँदा काम गर्न सजिलो हुने भन्दै वडाध्यक्ष गुप्तालाई धन्यवाद दिए ।

वनसम्बन्धी सबैमा सार्वजनिक अनुरोध

दशैं, तिहार जस्ता चाडपर्व नजीकिँदै गर्दा हाम्रा गाउँबस्तीहरूलाई मापिङ बनाउने नाउँमा वनजङ्गलका रूखबिरुवालाई हानिनोक्सानी गर्नुको साटो बाँस वा अन्य वैकल्पिक उपाय अपनाउन हुन सम्बन्धित सबैमा आग्रह छ । वनजङ्गल, वनपैदावर, वन्यजन्तु, चराचुरुङ्गीलगायत अन्य जीवजन्तुहरूको संरक्षण गर्नु हामी सबैको साझा कर्तव्य हो । रूखबिरुवा, वन पैदावर हानिनोक्सानी गर्नु, गराउनु जघन्य अपराध हो । विनाइजाजत वनजङ्गल क्षेत्रमा प्रवेश गर्नु कानूनी कारबाहीको भागीदार बन्नु हो । वनजङ्गल क्षेत्रमा शङ्कास्पद गतिविधि देखिए वा सूचना प्राप्त भएपछि वन कार्यालय वा सुरक्षा निकायमा यथासक्य चाँडै जानकारी दिनुहुन सबैमा अनुरोध गरिन्छ ।

डिभिजन वन कार्यालय
सिमरा, बारा

## विचारसार र सूक्तिहरू

**विश्वमा सबैभन्दा महत्त्वपूर्ण त्यो दिन हुनेछ, जुन दिन मानवीय गरीबी कुनै सङ्ग्रहालयमा थन्किने छ ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com

# तडकभडक नगरौं

**हिन्दू धर्मावलम्बीहरूको सबैभन्दा ठूलो पर्व बडादशैं शुरू भइसकेको छ । नवरात्र शुरू भएपछि दशैं शुरू भएको मानिन्छ । दशैंपछि तिहार, छठ, माघे सङ्क्रान्ति, लोसार, महाशिवरात्रि, फागु पूर्णिमा, बुद्ध जयन्ती, तीजलगायतका पर्वहरू क्रमशः आउने गर्छन् । नेपाल विविधताभित्र अनेकता भएको देश हो । यहाँका मानिसहरूको विविध संस्कृति भएपनि एकले अर्काको धर्म, संस्कृति, परम्पराको सहिष्णुता र सम्मान गर्ने हुँदा हरेक समुदायले फरक समुदायको पर्व पनि पछ्याइरहेका साथै मनाइरहेका हुन्छन् । नेपाली समाजको यही विशेषताका कारण यहाँका हरेक समुदायले अनेक पर्वहरू मनाइरहेका हुन्छन् । कृषिप्रधान मुलुक भएकोले कृषिमा आधारित पर्वहरू पनि धेरै छन् । खेती लगाउने समय, गोडमेल गर्ने, बाली काट्ने, भित्र्याउने र उपयोग गर्न शुरू गर्ने पर्वहरूसमेत छन् । एकै किसिमका पर्वका पनि विभिन्न रूपहरू छन् । जस्तै एक वर्षमा दशैं मात्रै चारवटा छन् । ती चारवटा दशैंमध्ये ठूलो दशैंलाई बढादशैं भनिएको हो । त्यसैगरी, दुईवटा छठ पर्व मनाइन्छ । यसैले हाम्रो मुलुकलाई विविध संस्कृतिको धनी मुलुकको रूपमा विश्वले मानेको छ । हरेक पर्वको आआफ्नै महत्त्व छ ।**

**पछिल्लो समयमा हामीले मान्ने चाडपर्वहरू भड्किलो र फेसन बनिरहेको छ । हिन्दू, बौद्ध, किरात वा अन्य धर्मावलम्बीहरूले मनाउने पर्वहरूमा सांस्कृतिक मूल्य र मान्यतालाई लत्याएर विकृति भित्र्याउने होड चलेको छ । हाम्रा सांस्कृतिक पर्वहरूमा भएका कुरीतिलाई हटाउँदै सभ्य तरीकाले मनाउनुपर्नेमा झन् विकृति थुपार्दै जटिल बनाउँदै लगिरहेका छौं । हाम्रो देश नेपालका मौलिक चाडपर्वका कारण विश्वमा नै धनी मुलुकको रूपमा चिनिने गरिएको पाइन्छ। विकृतिको प्रभाव र संरक्षणका अभावमा कतिपय चाडपर्वहरू लोपोन्मुख अवस्थामा पुगेका छन् । इतिहासलाई फर्केर हेर्ने हो भने चाडपर्व मनाउने धार्मिक तथा ऐतिहासिक पद्धतिभन्दा अहिले आएर मनाउने गरिएका चाडपर्वहरू निकै नै फरक हुँदै गएका छन् । चाडपर्व मनाउने शैली भड्किलो हुँदै गएका छन् । मानिसहरूको दैनिक जीवन पद्धतिबाट उत्पन्न क्रियाकलापहरू नै कालान्तरमा संस्कृति तथा परम्परा बन्ने हुन् । त्यही संस्कृति तथा परम्परा मानिसको पहिचान हो । चाडपर्वमा विकृति भित्र्याएसँगै हाम्रा भोलिका सन्ततिको पहिचान जोखिममा पुगेको छ ।**

**नेपाली जनताको जीवनस्तर सुधार गर्नमा विदेशबाट कमाइका रूपमा आउने विप्रेषणको उल्लेख्य भूमिका रहेको छ । जति विदेशको कमाइ देशभित्र भित्रिएको छ, त्योभन्दा बढी रकम चाडपर्वलाई भड्किलो बनाउन, आधुनिकताको नाममा अरूको संस्कृति भित्र्याउन, मौलिक र परम्परालाई भुलेर आधुनिक बन्ने प्रतिस्पर्धामा खर्च भइरहेको छ । लवाइ, खवाइ, हिंडाइ र बोलाइमा समेत विदेशको अनुसरण गर्नुपरेको छ । हामीसँग जति पर्व छन्, त्यति विदेशीहरूसँग छैन । वर्षमा जब एक/दुई वटा मात्रै पर्व मनाउनु छ भने उसले जति पनि खर्च गर्छ । वर्षमा सयौं पर्व मनाउनुपर्ने हामीले वर्षमा दुई/चार वटा पर्व मनाउनेहरूको नक्कल गर्न थाल्यौं भने सडकमा आइपुग्नुको विकल्प छैन । केही जायजेथा र गोजीमा दाम हुनेसम्म देखासिखी, तडकभडक, खर्चिलो र भड्किलो बन्दै गर्दा आफ्ना छरछिमेक तथा समाजमा पनि त्यसको छाप पर्छ, अनि 'कोभन्दा को कम ?' आफू डुब्ने, अरूलाई डुबाउने र सन्ततिको पहिचान मेटाउने हदसम्मका क्रियाकलापलाई हरेक नेपालीले अविलम्ब त्याग्नुपर्छ । सुधारको थालनी यही दशैंबाट हुनुपर्छ ।**

# बिआरआईको ऋण वरदान होइन, अभिशाप हो

स्वतन्त्र विचार



श्रीमन्नारायण
an_shriman@yahoo.com

**इटलीका प्रधानमन्त्रीले त जी-२० को शिखर सम्मेलनमा बिआरआईबाट अलग भएको घोषणा गरेकी थिइन् । चारैतिर बिआरआईप्रति आशङ्का र अविश्वास बढ्दै गएको अवस्थामा नेपालका वामपन्थी नेताहरू यसको पक्षमा उभिनुको कारण पृष्ठभूमि वामपन्थ मात्र हुनु त होइन ?**

उत्तरी छिमेकी चीनको बेइजिङमा आयोजित तेस्रो बेल्ट एन्ड रोड अन्तर्राष्ट्रिय सहकार्य शिखर मञ्चमा सहभागी भएको नेपालले बिआरआई परियोजना सम्झौता अनुसार अगाडि बढ्ने प्रतिबद्धता जनाएको छ । चिनियाँ समकक्षी एवं सार्वजनिक सुरक्षामन्त्री वाङ सियाओ हङको मैत्रीपूर्ण निमन्त्रणमा चीन भ्रमणमा रहेका उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले बेल्ट एन्ड रोड अन्तर्राष्ट्रिय सहकार्य शिखर मञ्च (बिआरएफ)को उद्घाटनसत्रमा नेपाल सरकारको तर्फबाट सहभागिता जनाउँदै, हरित विकाससम्बन्धी उच्चस्तरीय मञ्चको नीति र प्रगतिसम्बन्धी छलफलका मुख्य वक्ताका रूपमा सम्बोधन गर्दै बहुआयामिक कनेक्टिभिटी नेटवर्क विस्तारमा नेपाल अघि बढ्न चाहेको बताए । नेपालजस्तो भूपरिवेष्ठित देशभित्र कनेक्टिभिटीको खाँचो रहेको भन्दै उनले २०१७ मा चीनसँग भएको बिआरआई सम्झौतालाई नेपालले बलियो बनाउन चाहेको बताए । बेल्ट एन्ड रोड परियोजना लागू भएसँगै नेपाल चीनसँग सडक, रेलमार्ग, हवाइमार्ग, बन्दरगाह र ग्रीडहरूमार्फत जोडिने विश्वास उनले व्यक्त गरे ।

नेपाली जनमानस बिआरआईबारे प्रस्टरूपमा दुई कित्तामा विभाजित छ । लोकतन्त्रका पक्षधरहरू, जो बहुमतमा छन्, बिआरआई अन्तर्गतको ऋणलाई पासोको संज्ञा दिंदै श्रीलङ्का, पाकिस्तान, लाओस र केही पूर्व सोभियत सङ्घका देशहरूको उदाहरण दिंदै नेपाल पनि चीनबाट ऋण लिएमा पासोमा पर्न सक्ने सुझाव दिंदै चीनबाट अनुदान सहयोग मात्रै लिन सरकारलाई सुझाव दिइरहेका छन् । पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माणमा नेपालले चीनबाट लिएको ऋण नै हाम्रो निम्ति घाँडो साबित भएको छ र त्यो ऋण तत्काल चुक्ता गर्न सक्ने अवस्था पनि छैन । यस्तोमा बिआरआई अन्तर्गत अन्य ९ परियोजनाका लागि लिइने ऋणले हामीलाई थला पार्न सक्दछ । नेपालका वामपन्थी राजनीतिज्ञ, विचारक एवं विज्ञहरू भने बिआरआईको पक्षमा वकालत गरेको देखिन्छ, जबकि नेपाली काङ्ग्रेस र मधेसवादी दलहरू यसको विरोधमा देखिन्छन् ।

कुनै देशसँग चीनले गर्ने गरेको ऋण सम्झौतामा रहेका प्रावधानका केही बुँदाहरूलाई केलाएर हेर्ने हो भने त्यसमा रहेका शर्तहरू ऋण काढ्ने देशहरूको निम्ति प्रस्टरूपमा पासो नै साबित भएको छ । खासगरी सम्झौतामा उल्लेख भएका बुँदा तथा नियमहरू चीनकै कानून अनुसार हुनु, ऋण सम्झौता चिनियाँ कानूनको परिधिमा हुनु, आफू सार्वभौमसत्ता भएको देश भएकोले आफ्नो भूमि वा परियोजनामा कुनै विदेशी राष्ट्रको आधिपत्य हुन सक्दैन भन्ने मूल मान्यतालाई आधार बनाएर आफूले कुनै परियोजनाका लागि लिएको ऋण तिर्न नसकेको खण्डमा चीनले सो परियोजनाको स्वामित्व ग्रहण गर्ने विचार गरेमा ऋणी देशले अत्तो थाप्न नपाउनेजस्ता प्रावधान देखिन्छ । यसको अर्थ बिआरआई अन्तर्गतको ऋणमा निर्माणाधीन कुनै पनि परियोजनको निर्माणबापत लिइएको ऋण समयमैं फिर्ता गर्न सकिएन भने त्यस परियोजनालाई चीनले आफ्नो स्वामित्वमा लिन सक्दछ र ऋण काढ्ने देशले विरोध गर्न सक्ने छैन । श्रीलङ्काको हम्बनटोटा बन्दरगाह चीनले ९९ वर्षको निम्ति आफ्नो अधीनमा लिनुको कारण पनि यो नै हो । श्रीलङ्काको मटाला विमानस्थल पनि चीनले नै सञ्चालन गरिरहेको छ ।

यसका बुँदाका अन्य डरलाग्दा तर रोचक विषयहरूमध्ये यस्तो अवस्था उत्पन्न भएमा अन्य कुनै बहुराष्ट्रिय सम्बन्धको कुरा गर्न पाइन्न । विवाद भए मध्यस्थता आयोजना ( सिआइएटिसी), जुन बेइजिङमा छ, त्यहीबाट विवादको निप्टारा हुनेछ । के चीनले बिआआईका उपरोक्त शर्तहरू तेर्स्याएमा पनि नेपाल यस अन्तर्गतको ऋण स्वीकार गर्न तयार छ त ? उत्तरी छिमेकी चीनसँग कुनै पनि समझदारी वा सम्झौता गोप्य राखिने अघोषित सहमति हाम्रो देशमा परम्परा नै बनिसकेको छ ।

कुनै पनि अनुदान अथवा ऋण होस्, त्यसको निरूपण, उपादेयता र सम्भाव्यता विस्तृतरूपमा विश्लेषण गर्नुपर्दछ । ऋण लिएर गरिएको लगानी मूल्यहीन हुँदैन त्यसमा ब्याजसमेत बुझाउनुपर्छ । साँवासमेत फिर्ता गर्नुपर्छ । ऋणको कुरा गर्दा ऋण दिने वा नदिने दाताको कुरा हो तर ऋण लिने अथवा नलिने वा कस्तो परियोजनाका लागि लिने भन्ने निर्णय गर्नु ऋणीको हक-अधिकारको कुरा हो । शायद त्यही भएर होला यस अघिको देउवा सरकारले बिआरआईमार्फत अनुदान लिने, तर ऋण नलिने आफ्नो अडान दोहोऱ्याएको थियो ।

बिआरआई अन्तर्गतको ऋणलाई जाल अथवा पासोको संज्ञा यसकारण दिइएको छ कि ऋण लिएको देशलाई यसबाट उम्किन गाऱ्हो भइरहेको हुन्छ । कुनै पनि ऋण त्यतिबेला जालमा परिणत हुन्छ जब ऋण काढ्नेले समयमैं साहुलाई ऋणको साँवा र ब्याजसमेत चुक्ता गर्न सक्ने अवस्था रहँदैन । ऋण काढ्नु ठूलो कुरा होइन, तर ऋणको रूपमा लिइएको रकमको सदुपयोग भयो कि भएन, ऋणको रकम उपयोग गरेर समुचित प्रतिफल प्राप्त भइरहेको छ कि छैन ? परियोजनाको आयबाट आफ्नो अर्थ व्यवस्थालाई बलियो बनाई साहुको ऋण समयमैं चुक्ता हुन सकिरहेको छ कि छैनजस्ता यक्ष प्रश्नको जवाफ ऋण काढ्ने देशहरूले स्वयं पनि खोज्नु आवश्यक छ ।

बिआरआई अन्तर्गतको ऋण सम्झौता अपारदर्शी हुने गर्दछ । विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, एशियाली विकास बैंकलगायत अन्तर्राष्ट्रिय दातृसंस्थाहरू तथा अन्य विकसित देशहरू ऋणसम्बन्धी पारदर्शी एवं उच्च नीतिको पालन गर्ने गर्दछन् तर चीनले भने ऋणसम्बन्धी अन्तर्राष्ट्रिय नीति तथा व्यवहारको कहिल्यै पालन गरेन । चीनले प्रदान गर्ने ऋणको ब्याजदर (दुईदेखि तीन प्रतिशत)सम्म रहने गरेको छ ।

प्रधानमन्त्री पुष्पकमल दाहालले पनि चीनले अघि सारेको बिआरआई परियोजनाको कार्यान्वयन प्राथमिकताका साथ अघि बढाइने बताइसकेका छन् । बिआरआई शुरूआत भएको १० वर्ष पुगेको उपलक्ष्यमा नेपाल-चीन मैत्री सङ्घद्वारा काठमाडौंमा आयोजित बिआरआईको एक दशकः व्यापार, लगानी र सम्पर्क सञ्जाल विषयक गोष्ठीमा उनले बिआरआई अन्तर्गत परियोजना छनोट र कार्यान्वयन हुनेगरी विकास निर्माणका परियोजना अगाडि बढाउने सरकारको स्पष्ट धारणा रहेको बताइसकेका छन् ।

बिआरआई अन्तर्गत चीनले अनुदान होइन, ऋण मात्रै प्रभावित गर्ने गर्दछ । अहिले नै नेपालको कुल जिडिपीको एक तिहाईभन्दा बढी अंश ऋणको साँवा र ब्याज भुक्तानीमा गइरहेको छ । बिआरआई अन्तर्गतको ऋणबाट कुनै पनि देशको मुहारमा परिवर्तन आएको छैन तर ऋणको जालोमा ती देशहरू फस्दै गएको उदाहरण छ । इटलीका प्रधानमन्त्रीले त जी-२० को शिखर सम्मेलनमा आफ्नो देश बिआरआईबाट अलग भएको घोषणा गरेकी थिइन् । चारैतिर बिआरआईप्रति आशङ्का र अविश्वास बढ्दै गएको अवस्थामा नेपालका वामपन्थी नेताहरू यसको पक्षमा उभिनुको कारण वामपन्थ मात्र पृष्ठभूमि हुनु त होइन ?

# चाडपर्वमा हराउँदै लोकपरम्परा : न 'झिझिया नृत्य' न 'दशैंके ढोल'

महोत्तरी, २ कात्तिक/रासस

यसपालिको दशहारा (दशैं) पर्व नजीकिंदै गर्दा पनि तराई-मधेसका टोल बस्तीमा 'झिझिया'को लय सुन्न पाइँदैन भने 'ढोल'को आवाज पनि सुनिंदैन । दशहारा पर्वमा घटस्थापनाकै दिनदेखि बस्ती/बस्तीमा बज्ने 'ढोल' अब मधेसको प्राचीन मिथिलामा हराएको छ ।

नवरात्र अवधिमैं मिथिलानी (मिथिलाका नारी)ले दुष्टात्मा भगाउन खेल्ने 'झिझिया' नृत्य देखिन, सुनिन छाडेका छन् । घटस्थापनाका दिनदेखि नै बज्ने ढोल र बस्ती/बस्तीमा गाइने/नाचिने झिझिया देख्न, सुन्न छाडिएको हो । मिथिला क्षेत्रमा बोलीचालीमा 'दशहारा' भनिने बडा दशैं पर्वका पुराना लोकपरम्परा केही वर्षयता हराउँदै गएका छन् ।

दशहारा शुरू हुनासाथ नगर/गाउँ बस्तीमा बज्ने ढोल (नगरा) र बस्ती/बस्तीमा गरिने झिझिया नृत्य देखिन छाडेपछि राष्ट्रिय महत्त्वको यो पर्वमा स्थानीय लोकपरम्परा हराउँदै गएको हो । ढोल बज्न छाडेर बस्ती/बस्तीमा झिझिया पनि हराउँदै गएपछि पाका पुस्ताका मैथिललाई दशहारा आएजस्तो लागेको छैन । "कहुँ ढोल बजल नई सुनैछी, न झिझिया नाच कतो दिखाइय" (कतै ढोल बजेको सुनिंदैन, न झिझिया नाच नै देखिन्छ) महोत्तरीको भङ्गाहा नगरपालिका-५ धतियाटोल सीतापुरका ८० वर्षीय झौली भण्डारी माली भन्छन्, "दशहारा पावैन आयल बुझाइए न रहल अई" (दशैं पर्व लागेजस्तो नै बुझिन्न) । बस्तीमा ढोल नबजेको र राति झिझियाको लय सुन्न नपाइएपछि दशैं लागेको भनक नै नपाइएको भण्डारीको भनाइ छ ।

महोत्तरीसहितका मिथिलामा दशैं पर्वको नवरात्र शुरू भएसँगै बस्तीका घरघरैजसो 'दशैंके ढोल' भन्दै चमार नाइकेले बजाउने ढोल र राति महिलाले सामूहिकरूपमा गीत गाउँदै नाचिने झिझिया देख्न छाडिएपछि भण्डारीजस्तै यस भेगका सर्वसाधारणले चिन्ता जनाएका छन् । "बौवा, पुरान परम्परा सब हेराय लागल, चिन्ता लगैय जे आब हमर कि पहिचान रहत ?" (बाबु, पुराना परम्परा हराउँदै गए, अब चिन्ता लाग्दैछ, अब हाम्रो के पहिचान रहला ?), जिल्लाको सदरमुकामसमेत रहेको महोत्तरीकै जलेश्वर नगरपालिका-५ चौडिया बस्तीका ७५ वर्षीय रहिमन मण्डलले मैथिलीमा भने ।

दशैं पर्वको घटस्थापनाकै दिन बस्तीका चमार जातिका अगुवा ठूलो आवाजको नगरा (ढोल) बजाउँदै 'दशैंके ढोल' भनेर कराउँदै हिंड्दा ससाना नानीहरू उनका अघिपछि झुम्मिने गरेका कुरा अब दन्त्यकथा जस्तै भएको बूढापाका बताउँछन् । लोकपरम्पराका 'ढोल' र 'झिझिया' नबज्दा, नगाइँदा दशैं लाग्यो, दशैं आयो भन्ने लाग्ने नगरेको पाका मैथिल बताउँछन् ।

त्यसैगरी, नवरात्र शुरू भएकै दिन मिथिला क्षेत्रमा घन्कने झिझिया गीत र त्यसको तालमा जादुमय तरीकाले नाच्ने नृत्याङ्गनाहरूको समूह पनि अब देखिन छाडेको छ । 'तोहरेलागि झिझिया बनैली हो बरमबाबा...!'को रागले सुनसान रातमा बस्तीका सडक हुँदै ग्रामदेवता (ब्रह्मस्थान) स्थलमा पुगेर दशैंमा मिथिलानीहरूले सुरिलो भाखामा गाउँदै फनफनी आफूलाई घुमाएर नाचेको देखाउने यो प्राचीन तान्त्रिक नृत्य अब देखिन छाडेपछि बूढापाका मैथिलको चिन्ता बढेको हो ।

पछिल्ला केही वर्षयता लोकपरम्पराको 'झिझिया' नृत्य गैरसरकारी सङ्घसंस्थाका कार्यक्रम भने बनेका देखिन्छन् । तिनै सङ्घसंस्थाको मञ्चमा हुने कार्यक्रमलाई अचेल हामीले 'मिथिलामा झिझियाको रौनक' शीर्षक दिएर ठूलठूला अक्षरमा सञ्चारमाध्यममा पस्कने गरेका भङ्गाहा-४ रामनगरका बासिन्दा सञ्चारकर्मी रामईश्वर ठाकुर बताउँछन् ।

गाउँ/नगर बस्तीका पाका चमार जातिका अगुवा बुढ्याँइले हिंड्डुल गर्न छाडेर नयाँ पुस्ताका चमार युवाले पुरानो थिति नअँगालेपछि अब दशैंको ढोल बज्न छाडेको हो । "कि करू हजुर, जबतक शरीर साथ देलक तबतक ढोल बजैली, आब बेटा/पोता ढोल बजाव नइ चाहैय, कि करू ?"(के गरौं हजुर, जहिलेसम्म शरीरले साथ दियो, रमाइलो मानेर ढोल बजाउँथे, अब छोरा/नाति ढोल बजाउन चाहँदैनन्, के गरौं ?) भङ्गाहा-५ धतियाटोलकै ७५ वर्षीय अच्छेलाल महरा (चमार समुदायका अगुवा) बताउँछन् । दलित समुदायभित्रको चमार जातिका नयाँ पुस्ताका किशोर र युवा रोजगारका लागि भारत र अन्य अरब राष्ट्र जान थालेपछि पुर्ख्यौली रितिथिति र पेशा थाम्ने कुरा ओझलिएको चमार जातिका पाका उमेरका अगुवा बताउँछन् ।

त्यसैगरी, असुर प्रवृत्तिविरुद्ध सात्त्विक प्रवृत्ति र असत्यमाथि सत्यको विजयका रूपमा मनाइने दशैं पर्वमा झिझिया नृत्य मिथिला क्षेत्रको प्रमुख आकर्षण रहँदै आएको थियो । "दशैं लागेपछि प्रत्येक रात बस्तीका महिलाहरू सहभागी हुने झिझिया नृत्य पछिल्ला केही वर्षयता सुनिन, देखिन छाडेको छ," महोत्तरी जिल्लाकै भारतीय सीमावर्ती मटिहानी-७ का सामाजिक कार्यकर्ता रामकुमार मण्डलले भने ।

पछिल्ला केही वर्षयता गाउँ/नगरका बस्तीमा डिस्को बाजासँगै कर्कस स्वरमा बजाउन थालिएको गीत र त्यसको तालमा उफ्रँदै नाच्ने जमातप्रति मण्डलको चित्त दुखाइ छ । "हाम्रो आफ्नै परम्परामा मनोरञ्जनका साधन र विधि छन्, हाँस्न, खेल्न तिनको अनुसरण गरे त भयो नि !" मण्डलले भने, "तर अब हाम्रा मनोरञ्जनका विधि सबै छोडिंदै गएका छन् ।"

दशैं लागेपछि अघि सत्ययुगमा देवी दुर्गाबाट पराजित भएका दुष्टात्मा टोल बस्तीमा प्रवेश गरेर सर्वसाधारणलाई दुःख दिन सक्ने रूढि विश्वासका

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## विश्व अर्थव्यवस्थामा नयाँ सङ्कटको सङ्केत

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**पर्दाअगाडि फिलिस्तिनी स्वतन्त्रताको लागि सङ्घर्ष गरेको देखिए पनि हमास इरानको लागि कार्य गर्छ। अर्को शब्दमा हमासलाई इरानले प्रयोग गरिरहेको छ। हमास इरानको सेना हो। इजराइललाई कमजोर पार्न, विश्व मानचित्रबाट हटाउन, इरानले हमास लडाका तयार पारेको हो।**

विश्व अर्थव्यवस्था पहिलेदेखि नै समस्याग्रस्त थियो, अब अर्को एउटा ठूलो र दीर्घकालसम्म प्रभावित गर्ने समस्या विश्व अर्थव्यवस्थामा थपिएको छ। इजराइल–हमास युद्धले विश्वलाई लामो समयसम्म शान्तिपूर्वक रहन नदिने सङ्केत दिइरहेको छ। कोभिड–१९ को असरबाट मुक्त हुन खोजिरहेको विश्व अर्थव्यवस्था पुनः अर्को समस्याले छोपिन थालेको छ। युक्रेन युद्धले विश्व अर्थव्यवस्थालाई, अर्कोतिर, उत्तिकै सताएको छ।

आकारको दृष्टिकोणले इजराइल–हमास युद्ध सानो देखिए पनि प्रभावको हिसाबले भने यी दुईबीचको युद्ध ज्यादै ठूलो छ। यो युद्धलाई समयमैं शान्तिवार्ताद्वारा समाप्त नगर्ने हो भने यसले तेस्रो विश्वयुद्धको रूप लिन सक्छ। अहिले नै पनि यो युद्धमा प्रत्यक्षतः केवल दुई पक्ष इजराइल र हमास संलग्न देखिए तापनि अप्रत्यक्षरूपमा अनेक राष्ट्र संलग्न भइसकेका छन्। अप्रत्यक्षरूपमा अमेरिका, ब्रिटेन, फ्रान्स, बेल्जियम, क्यानडा, इरान, इजिप्ट, जोर्डन, सिरिया, लेबेनान, रूस, कतार, साउदी अरेबिया आदि संलग्न भइसकेका छन्।

मध्यपूर्वमा भएको यो युद्धबारे कुरा गर्नुपूर्व हमासबारे कुरा गर्नु उचित होला। अहिलेसम्म फिलिस्तिनीहरूले गाजा क्षेत्रमा मात्र प्रभावकारी किसिमले इजराइलविरुद्ध कारबाही गरिरहेका थिए। तर अचानक हमास गाजा क्षेत्रभित्र कसरी आयो र यति शक्तिशाली हुन पुग्यो ? गत अक्टुबार ७ (२०२३) का दिन इजराइलभित्र पसेर कसरी १४०० भन्दा बढी व्यक्तिको हत्या गर्न सक्यो ? कसरी २०० भन्दा बढी व्यक्तिलाई बन्दी बनाउन सफल भयो ? फिलिस्तिनी क्षेत्रभित्र रहेर इजराइलविरुद्ध कार्य गरिरहेको यो सङ्गठन हमास कसरी यति शक्तिशाली हुन पुग्यो ? कसले हमासलाई हातहतियार उपलब्ध गराइरहेको छ ? इजराइलविरुद्ध हमास कसरी इजराइलको भूमिमा पसेर हजारौंको हत्या गर्न सक्यो ? सपनामा पनि नसोचिएको कुरा कसरी भयो ?

माथिका प्रश्नहरूको उत्तर अति सजिलो छ। फिलिस्तिनी स्वतन्त्रताका लागि इजराइलविरुद्ध सङ्घर्ष आरम्भ गर्ने सङ्गठन हमासले पर्दा अगाडि फिलिस्तिनी स्वतन्त्रताको लागि सङ्घर्ष गरेको देखिए पनि पर्दापछाडि इरानको लागि कार्य गर्छ। अर्को शब्दमा हमासलाई इरानले प्रयोग गरिरहेको छ। हमास इरानको सेना हो। इजराइललाई कमजोर पार्न, विश्व मानचित्रबाट इजराइललाई हटाउन, इरानले हमास लडाकाहरू तयार पारेको हो।

लेबनानलाई कमजोर पार्ने इरानले त्यहाँ 'हिजबुल्ला' नामक विद्रोही सङ्गठनको स्थापना र सञ्चालन गरेझैं फिलिस्तिनी क्षेत्रमा पनि हमास नामक विद्रोही सङ्गठन स्थापना एवं सञ्चालन गरेको छ। इरान यो क्षेत्रमा 'महाशक्ति' बन्न चाहन्छ।

अर्कोतिर चारैतिरबाट आर्थिक घेराबन्दी वा नाकाबन्दीमा परेको इरान अचानक बलियो भएको छ। कसरी भएको होला ? इरान अहिले रूसको साथ पाएर बलियो हुन पुगेको हो। रूसले अहिले इरानलाई अमेरिकाविरुद्ध प्रयोग गरिरहेको छ। मध्यपूर्वलगायत अरबजगत्मा अमेरिकालाई राजनीतिक र आर्थिकरूपमा कमजोर पार्न इरान रूसको बलियो मोहरा हुन पुगेको छ। यो कारणले गर्दा अहिले रूसले इरानलाई अनेक किसिमका सहयोग गरेर यो क्षेत्रमा बलियो बनाउन खोजिरहेको छ। सामान्य किसिमले हेर्दा हमासले आफ्नो शक्तिले काम गरेको देखिए तापनि भित्री तवरले हेर्ने हो भने हमासलाई इरान र रूसको साथ र सहयोग छ।

अति महत्त्वाकाङ्क्षी वर्तमान रूसी राष्ट्रपति सदासर्वदा रूसको नेता र सर्वोच्च स्थानमा रहन चाहन्छन्। शक्ति र सत्ताबाहिर जान चाहँदैनन्। उनको यो महत्त्वाकाङ्क्षा पूरा गर्नका लागि उनी रूसी जनतालाई आफू राष्ट्रवादी हुँ भनी देखाउन चाहन्छन्। रूसको प्रमुख शत्रु अमेरिका हो भनी आफ्ना देशवासीलाई देखाउन चाहन्छन्। आफूले मात्र अमेरिकासँग टक्कर लिन सक्ने आफ्ना देशवासीलाई भन्नु उनको रणनीति हो।

साथै अमेरिका आर्थिकरूपमा कमजोर भए मात्र आफू सधैं रूसको गद्दीमा बस्न सक्ने कुरा पुटिनलाई राम्ररी थाहा छ। यो कारणले गर्दा पुटिन अमेरिकालाई नियोजित किसिमले आर्थिकरूपमा कमजोर पार्न खोजिरहेका छन्।

अमेरिकालाई आर्थिकरूपमा कमजोर पार्न पुटिन अमेरिकालाई निरन्तर युद्धमा संलग्न गराउन चाहन्छन्। पुटिनको यो योजना अनुसार नै उनले रूस–युक्रेन युद्धमा अमेरिकालाई संलग्न गराएका हुन्। अमेरिकाले युक्रेनलाई अर्बौं डलर आर्थिक सहयोग गरेको जगजाहेर छ।

अमेरिकालाई कमजोर बनाउन नै पुटिनले हमासलाई उचालेका हुन्। हमासले इजराइलमाथि हमला गरेमा इजराइल अशान्त र कमजोर हुन्छ। इजराइललाई यस्तो सङ्कटको घडीमा मित्र अमेरिकाको सहयोग आवश्यक पर्छ। र यस्तो स्थितिमा अमेरिकाले इजराइललाई ठूलो आर्थिक सहयोग गरेमा, वा गर्नुपरेमा, अमेरिका पनि प्रभावित हुन्छ। अमेरिका आर्थिकरूपमा कमजोर हुन थप बल पुग्छ।

पुटिनको अमेरिकालाई कमजोर पार्ने रणनीतिमा पुटिनलाई इरानले खुलेर सहयोग गरेको छ। तर चीनले भने खुलेर सहयोग गरेको छैन। चीन–अमेरिका व्यापार प्रभावित हुने भयले चीनले खुलेर रूसलाई सहयोग गरेको त छैन, तर रूसले अमेरिकाप्रति गरेको कार्यमा पुटिनलाई चीनको पूर्ण सहयोग प्राप्त छ।

एउटा शक्तिशाली राष्ट्रको रूपमा रूसको उदय र चीनको बलियो बन्दै गएको आर्थिक स्थितिले विश्वको राजनीतिक सन्तुलन फेरिएको छ। पहिले अमेरिका एक्लो शक्तिशाली राष्ट्र रहेकोमा अहिले रूस पनि शक्तिशाली बन्न पुगेको छ तर चीनको सहयोगमा। यसरी चीन र रूसको मिलेमतोमा निर्माण भएको मोर्चाले अमेरिकासँग अप्रत्यक्षरूपमा टक्कर लिन खोजिरहेको छ। अमेरिकालाई आर्थिकरूपमा कमजोर पार्न खोजिरहेको छ।

रूस–युक्रेन युद्ध र इजराइल–हमास युद्धमा अप्रत्यक्षरूपमा अमेरिका र रूसको संलग्नताले निश्चय नै यो विश्व अशान्त बन्छ। र त्यो अशान्तिको असर विश्व व्यापारमा पर्नेछ, विश्व अर्थव्यवस्थामा पर्नेछ।

संसारकै आर्थिक 'पावरहाउस'को रूपमा रहेको अमेरिको आर्थिक स्थिति कमजोर हुनु अमेरिकी नागरिकहरूका लागि नराम्रो त हो नै, विश्वका अन्य राष्ट्रहरूका लागि पनि नराम्रो हो। अमेरिकासँग ५०औं राष्ट्रको दोहोरो व्यापार छ। अमेरिका आर्थिकरूपमा कमजोर हुनुको अर्थ हो विश्व अर्थव्यवस्था कमजोर हुनु।

यो नयाँ परिस्थिति, हमास–इजराइली युद्धले इजराइलको अर्थव्यवस्था त प्रभावित हुन्छ नै, यसरी हमासलाई प्रत्यक्ष सहयोग गर्ने इरानको अर्थव्यवस्था पनि प्रभावित हुन्छ। रूसको अर्थव्यवस्था पनि अप्रत्यक्षरूपमा प्रभावित हुन्छ। रूस–युक्रेन युद्धले गर्दा रूसको अर्थतन्त्र पहिलेदेखि नै कमजोर छ। रूसको अर्थव्यवस्था कमजोर पारेर भएपनि शक्ति र सत्तामा रहने पुटिनको कुटिलताले गर्दा रूसको अर्थव्यवस्था कमजोर हुँदै गएको छ। रूसमा बलियो प्रजातन्त्र भएको भए पुटिन उहिल्यै सत्ताबाट बाहिर गइसकेका हुन्थे।

इरानका धर्मगुरुहरू आफू राज्यसत्ता एवं शक्तिमा रहनका लागि अरबजगत् र मध्यपूर्वलाई जहिले पनि अशान्त राख्न चाहन्छन्। यी क्षेत्र अशान्त रहेमा मात्र सत्ता र शक्तिमाथि आफ्नो पकड बलियो हुने इरानका धर्मगुरुहरूलाई राम्ररी थाहा छ। यस कारणले गर्दा नै पनि इरानले मध्यपूर्वलाई अशान्त राखेर इरानी जनताको ध्यान अन्त केन्द्रित गराएर आफ्नो उद्देश्यपूर्तिको बाटो फराकिलो पारिरहेको छ। मध्यपूर्वलाई अशान्त पार्न इरानले हमास र हिजबुल्ला जस्ता लडाकूहरूको उपयोग गरिरहेको छ।

माथि बयान गरिएका परिस्थितिहरूले गर्दा विश्व अर्थव्यवस्थामा ठूलो सङ्कट आउने देखिएको छ। यदि तेस्रो विश्वयुद्ध भएमा विश्व अर्थव्यवस्था ध्वस्त पनि हुन सक्छ। कामना गरौं, तेस्रो विश्व युद्ध नहोस्। इजराइल–हमास युद्ध र रूस–युक्रेन युद्ध सदाको लागि समाप्त होस्।





**नयाँ नेपाली नोट साट्न लामबद्धः** नेपाल राष्ट्र बैंक, बालुवाटारमा बिहीवार नयाँ नेपाली नोट साट्नका लागि लामबद्ध सर्वसाधारण। दशैंका लागि उनीहरू नयाँ नेपाली नोट साट्न पालो कुरेर बसेका हुन्। तस्बिरः विमलबहादुर विष्ट

## सीमापारि भीडभाड, वारि सुनसान

वीरगंज, २ कात्तिक/रासस

विजयादशमी शुरू भएसँगै यतिबेला सीमावर्ती भारतीय बजार रक्सौलमा नेपाली ग्राहकको भीड बढ्न थालेको छ भने वीरगंज बजारमा खासै भीड देखिएको छैन।

नेपाली बजारभन्दा भारतीय बजारमा पूजापाठ, खाद्यान्नलगायत दैनिक उपभोग्य सामग्री सस्तो पाइने भएकाले जिल्लाका विभिन्न ठाउँबाट दशैंका अवसरमा उपभोग्य सामग्री खरीद गर्न स्थानीय बासिन्दा भारतीय बजार रक्सौलतर्फ आकर्षित हुने गरेका छन्।

ठूलो सङ्ख्यामा नेपाली अहिले दिनहुँ सामान खरीद गर्न सीमावर्ती भारतीय बजार रक्सौल आउन थालेपछि यहाँ भीड बढेको रक्सौलका व्यापारीहरू बताउँछन्। नेपाली बजारभन्दा भारतीय बजारमा सस्तो दरमा सामान पाउने तथा त्यहाँका व्यापारीले नेपाली ग्राहकसँग मृदु व्यवहार गर्ने गरेकाले नेपाली उपभोक्ता दशैंलगायत विभिन्न चाडपर्वमा सामान खरीद गर्न सीमापारि भारतीय बजार आउने गरेको रक्सौलमा सामान खरीद गरिरहेका नेपाली उपभोक्ता सन्तोषकुमार साहले बताए।

नेपाली बजारभन्दा भारतीय बजारमा प्रत्येक सामान रु १० देखि रु २० सम्म सस्तो हुने भएकोले सीमापारि जाने गरेको उनको भनाइ छ। भारतीय सीमा सुरक्षा बल (एसएसबी)का जवानहरूले दशैंका अवसरमा दैनिक उपभोग्य सामान खरीद गरी लैजाने नेपालीहरूलाई अहिले सहज गरेकोले अरू दिनको तुलनामा भीड बढ्न गएको छ। नेपाली ग्राहकले भारतबाट दाल, चिनी, खानेतेल, मसला, चामललगायत सामान खरीद गरी लैजाने गरेको भारतीय व्यापारी रामकुमार अग्रवालको भनाइ छ। टेक्सटाइल चेम्बर अफ कमर्स रक्सौलका अध्यक्ष अरुणकुमार गुप्ताले भारतको रक्सौलमा रहेको कपडा व्यापारीले कपडा खरीद गर्दा नेपाली रुपियाँको बट्टा नकाट्ने भएकाले महिलाको कपडापसलमा बढी भीड लाग्ने गरेको बताए। दशैंजस्तो समयमा पनि मालसामान खरीद गर्न धेरैजसो ग्राहक सीमावर्ती भारतीय बजार जाने गरेकाले नेपाली बजारको रौनक हराउँदै गएको छ।

## दशैंमा मौसम सामान्यतया सफा रहने

काठमाडौं, २ असोज/रासस

जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार यसपालिको दशैंमा मौसम सामान्यतया सफा रहनेछ।

महाशाखाका मौसमविद् रोजन लामिछानेले दशैंमा मौसम सफा रहने बताए।

"दशैंमा मौसम सफा रहने देखिन्छ। देशका पहाडी भेगका एक/दुई स्थानमा बदली र हल्का वर्षा रहे पनि सामान्यतया मौसम राम्रो रहने देखिन्छ," उनले भने।

महाशाखाले आज साँझ या भोलि शुक्रवार दशैंको विशेष बुलेटिन जारी गर्ने तयारी गरेको छ। मौसमी अवस्थाबारे विज्ञहरूबीच छलफल भइरहेकाले छिट्टै दशैं बुलेटिन आउने मौसमविद् लामिछानेले बताए।

हाल नेपालमा पश्चिमी वायुको आंशिक प्रभाव छ। जसका कारण अहिले देशका पहाडी भूभागका एक/दुई स्थानमा मेघगर्जन/चटयाङसहित हल्का वर्षाको सम्भावना छ। देशको उच्च पहाडी तथा हिमाली क्षेत्रका एक/दुई स्थानमा हल्का हिमपातको सम्भावना छ। रातिको समयमा कोशी र गण्डकी प्रदेशका पहाडी भूभागका एक/दुई स्थानमा मेघगर्जन/चटयाङसहित हल्का वर्षाको सम्भावना छ।

भोलि शुक्रवार पनि कोशी, बाग्मती र गण्डकी प्रदेशका पहाडी भूभागमा मेघगर्जन/चटयाङसहित हल्का वर्षाको सम्भावना छ।

## बिआरआई नेपालको आर्थिक विकासका निम्ति उपयोगी हुने –खनाल

काठमाडौं, २ कात्तिक/रासस

पूर्वप्रधानमन्त्री एवं नेकपा (एकीकृत समाजवादी)का सम्मानित नेता तथा विदेश विभाग प्रमुख झलनाथ खनालले चिनियाँ राष्ट्रपति सी जिनपिङले अघि सारेका बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई) विश्वका विभिन्न देशका जनता–जनताबीचको आपसी सहकार्य तथा आर्थिक विकासका निम्ति भएको बताएका छन्।

बेल्ट एन्ड रोड फाउन्डेशनले बेइजिङमा आयोजना गरेको अन्तर्राष्ट्रिय सम्मेलनमा नेता खनालले समतामूलक, समृद्ध र प्रगतिशील विश्व व्यवस्थाका लागि बिआरआई महत्त्वपूर्ण हुने बताएको नेकपा (एकीकृत समाजवादी)का केन्द्रीय विदेश विभाग सचिव शङ्कर खतिवडाले जानकारी दिए।

बिआरआईले विश्वभरका जनतालाई एकापसमा व्यापार गर्न, आपसी मूल्य, मान्यताबाट सिक्न र पारस्परिक सहयोगलाई प्रवर्द्धन गर्न अभूतपूर्व अवसर प्रदान गरेको नेता खनालले बताए। उनले भने– चीनले अगाडि सारेको बिआरआईले विश्वभर रहेका मानिसको मानवता र समावेशी आर्थिक सहयोगको साझा भविष्यको परिकल्पनालाई पुनः फिर्ता ल्याएको छ।

बिआरआईका माध्यमबाट नेपालले आर्थिक विकासमा गति लिने विश्वास उनले व्यक्त गरे।



**नेपालमा सुन खोज्दैः** छिमेकी मुलुक भारतबाट आएका समूहले नेपालका सडक, पसल आसपासमा यसरी नै सुन खोज्दै वर्षौंदेखि आर्थिक जोहो गर्ने गरेका छन्। नेपाली माटोमा यसरी सुन पाउने तरीका सिक्न सक्ने हो भने केही बेरोजगारी समस्या समाधान हुन सक्थ्यो कि ? यस्तो कला सिक्ने र बुझाउनेतर्फ स्थानीय तह कहिले अग्रसर हुने हो ? शब्दचित्रः जीतलाल श्रेष्ठ

# बेमौसमी सुन्तला फलाउँदै खड्का

गलकोट (बागलुङ), २ कात्तिक/रासस

सिगानामा दशैंअगावै फलेका बेमौसमी सुन्तला टोपबहादुर खड्काले


तस्वीरः रासस

प्रतिकिलो रु एक सयका दरले बिक्री गरे। उन्सु जातको सुन्तला उत्पादन गर्दै आएका खड्काले 'सिजन'मा रु तीन लाखको सुन्तला बिक्री गर्छन् भने 'अफसिजन'मा अर्थात् असोजमा उन्सु जातको सुन्तलाको परीक्षण उत्पादन गर्दै आएका छन्। उनले गत वर्ष बेमौसमी जातको सुन्तला बिक्रीबाट रु ५० हजार आम्दानी गरेको र अहिले सुन्तलाको उत्पादन घटेकाले रु २० हजारको बिक्री गरिसकेको र अन्य सुन्तला आफन्तलाई कोसेली पठाएको बताए।

"परीक्षणका लागि छ वर्षअघि उन्सु जातको सुन्तला लगाएको थिएँ," खड्काले भने, "अहिले दशैं खर्च बेमौसमी सुन्तलाबाटै हुँदै आएको छ।" सुन्तला गाउँका रूपमा परिचय कमाउँदै आएको बागलुङको सिगानामा मौसमी सुन्तला बिक्रीबाटै रु तीन करोड वार्षिकरूपमा गाउँ भित्रिँदै आएको छ। अगुवा सुन्तला किसान टोपबहादुर खड्काले सुन्तला बगानमा बेमौसमी जातका सुन्तला फलाउँदै आएका छन्।

खड्काले चार वर्षदेखि बेमौसमी सुन्तलासमेत उत्पादन गर्दै आएका छन्। तर मौसमी जातको तुलनामा १० प्रतिशत मात्रै बेमौसमी सुन्तला उत्पादन हुने गरेको उनको भनाइ छ।

सामान्यतः सुन्तलाको सिजन मङ्सिरबाट शुरू भएपनि उनले ५० बोटमा बेमौसमी सुन्तला फलाएका छन्। खड्काको सुन्तला बगैंचामा विभिन्न प्रजातिका १० देखि २० किलोसम्म सुन्तला एउटै बोटमा फल्ने गरेको छ। बेमौसी सुन्तलाको बोट भने सानो हुने र रोपेको कम समयमैं फल्ने गर्छ।

बागलुङ नगरपालिका–८ सिगानामा खड्काले परीक्षणका रूपमा लगाएको बेमौसमी सुन्तला असोजमैं पाक्ने गरेको छ। उक्त सुन्तला उनले घरमा खपत र कोसेलीका रूपमा पठाएपछि बाँकी रहेको बिक्री गर्छन्।

अहिले पाकेका सुन्तला उन्सु जातका भएपनि यशोधा र पोङ्कान भने एक महीनापछि पाक्छन्। "बेमौसमी सुन्तला व्यावसायिकरूपमा भन्दा पनि परीक्षणका लागि हो, असोजमा उन्सु जातको सुन्तला टिपियो, अब एक/एक महीनाको फरकमा यशोधा र पोङ्कान जातको सुन्तला पाक्नेछन्, सिगानामा बेमौसमी जातको सुन्तला सफल भयो भन्ने हो," खड्काले भने, "मौसमी जातको एउटा बोट लगाउने जग्गामा बेमौसमीका पाँचवटा बोट हुर्कन्छन् भने छिटो फल लाग्न थाल्छ।"

बगैंचा सजावटका लागि पनि उक्त जातको सुन्तला प्रयोग गरिन्छ। खड्काले बेमौसमी सुन्तलाका रूख साना भएका कारण एक बोटमा बढीमा एक सय दाना मात्रै लाग्ने गरेको बताए। विसं २०३२ सालदेखि व्यावसायिक सुन्तलाखेती गर्दै आएका खड्काले बेमौसमी जातको सुन्तलाले राम्रै उत्पादन दिन थालेको बताउँछन्। छ वर्षअघि कृषि अनुसन्धान केन्द्रबाट ल्याइएका करीब एक सय बढी सुन्तलाका बोटमध्ये ५० प्रतिशत बोटमा सुन्तला फल्न थालेका छन्। उक्त सुन्तलाका बोटले धान्न नसक्दा थाक्रो हाल्ने गरिएको छ।

नेपालमा अधिकांश सुन्तला कात्तिकदेखि मङ्सिरको अवधिमा पाक्छन्। खड्काले भने भदौदेखि असोजको समयमा पाक्ने जापानिज जातका सुन्तला लगाएका छन्। खड्काले पाँच रोपनी क्षेत्रफलको सुन्तला बगैंचामा हालसम्म १४ प्रजातिका सुन्तलाका बिरुवा लगाएका छन्। खड्काले मौसमी र बैमौसमी सुन्तला उत्पादनसँगै किवी, अलैंची र तरकारी खेती गर्दै आएका छन्।


माईस्थान क्षेत्रको सडकपेटीमा बसेर चुलेसी, दाल मथ्ने, खुर्पी, बेलना–चौकी तथा अन्य औजार बेच्दै एकजना व्यापारी। तस्वीरः नितेश कर्ण

# दशैंको तयारीमा कलाकार

काठमाडौं, २ कात्तिक/रासस

घटस्थापनादेखि नै कलाकर्मीलाई पनि दशैंको चटारो छ। किनमेलसँगै काम टुङ्ग्याएर दशैं मनाउने योजनामा अधिकांश कलाकर्मी छन्। काम र कार्यक्रममा व्यस्त हुने कलाकर्मीले दशैंलाई भेटघाटको अवसरका रूपमा लिएका छन्।

अभिनेता तथा लेखक खगेन्द्र लामिछानेले दशैंलाई भेटघाटका रूपमा सदुपयोग गर्छन्। उनी यसपटक चलचित्र 'पशुपति प्रसाद २ : भष्मे डन'को प्रदर्शनका कारण काठमाडौंमैं दशैं मनाउँदै छन्। तर अघिल्ला वर्षहरूमा उनी स्याङ्जा पुग्ने गर्थे। "मेरोलागि दशैं साथीभाइसँगै आफन्तसँग भेट्ने चाड हो। बाल्यकालमा दक्षिणा र खानपानको लोभ हुन्थ्यो। अहिले भेट्ने र कुराकानी गर्ने लोभ हुन्छ," अभिनेता लामिछानेले भने।

अभिनेत्री केकी अधिकारी यसपटक चलचित्र 'परदेशी २'को प्रचारप्रसारमैं छिन्। उनी मोफसल भ्रमणमा रहे तापनि दशैं काठमाडौंमा मनाउने तयारीमा छिन्। यद्यपि टीकाबाहेकका समयमा मिल्दासम्म दर्शकसँग चलचित्र भवनमा भेटघाट गर्ने उनको योजना छ। "मैले कलेज जीवनदेखि नै काम गरेकोले दशैं भेटघाट र परिवारसँग बस्ने चाड भएका कारण मेरोलागि खास छ। केही वर्ष कोरोना र विविध कारणले परिवारलाई धेरै समय दिएकी थिएँ। यसपटक चलचित्रका परिवार र दर्शकसँग दशैंमा बढी हुनेछु। साथै ठूलासँग टीका लगाउने त छ नै," अभिनेत्री अधिकारीले भनिन्।

अभिनेता विपिन कार्की यसपटक सुनसरी घर गएर दशैं मनाउने तयारीमा छन्। उनको पात्र 'भष्मे डन'लाई लिएर तयार गरिएको 'पशुपति प्रसाद २ : भष्मे डन'कै प्रचारप्रसारमा व्यस्त भएपनि उनले घर पुग्ने बताए। उनले भने, "अहिले मिडियाकर्मीसँग भेटघाट भइरहेको छ। म टीकाअगाडि नै घर पुगेर एक साता बिताउने योजना छ। किनकि पूर्णिमालगत्तै नयाँ चलचित्र महाजात्राको छायाङ्कनमा व्यस्त हुनेछु।"

उनको दशैंसँग धेरै सम्झना जोडिएको छ। दशैंमा टीका लगाउने र दक्षिणालाई चलचित्र हेर्नमा प्रयोग गर्ने बाल्यकालको स्मरण उनको छ। "सानो छँदा दशैंकै आसपासमा खुट्टामा घुँडा तल अलिकति काटिएको थियो। दशैंमा मामाघर जाने र दक्षिण पाउने जोशमा साइकल चढेर पुगें। घर आएपछि खुट्टा सुनिएर हस्पिटल नै पुग्नुपरेको थियो। दशैं मेरोलागि बाल्यकालदेखि नै खास छ," अभिनेता कार्कीले भने।

हाँस्यकलाकार शिवशङ्कर रिजाल कार्यक्रमको दौडधूपलाई विश्राम दिएर दशैं मनाउने तयारीमा छन्। नेपाल सांस्कृतिक महासङ्घको महामन्त्री भएकोले पनि जिल्ला अधिवेशनको दौडधूपबाट दशैंमा विश्राम मिल्ने उनले बताए। "मेरो दशैं आमा र मामाको हातबाट टीका लगाएर हुने गरेको छ। म सम्भव भएसम्म आफूले मान्नुपर्ने अग्रजकहाँ पुगेर आशीर्वाद लिने गरेको छु। दशैंकै बेलामा पुर्ख्यौली घर सर्लाही पनि पुग्नेछु," हाँस्यकलाकार रिजालले भने।

कलाकार पनि अन्यझैं दशैंलाई आफन्त र साथीभाइसँग भेटघाट गरेर मनाउने तयारीमा छन्। दशैं नहुने केही कलाकर्मीले घूमघामका योजना बनाएका छन्।

# सुपारीको उचित मूल्य नपाएको किसानको गुनासो

झापा, २ कात्तिक/रासस

कोशी प्रदेशका किसानले विदेशी सुपारीका कारण स्वदेशी सुपारीले उचित मूल्य नपाएको गुनासो गरेका छन्।

झापा, इलाम, मोरङ, उदयपुर र सुनसरी जिल्लाका सुपारी किसानले सरकारले निर्यातलाई भन्दा आयातलाई प्राथमिकतामा राखेकोले स्वदेशी सुपारीले उचित मूल्य नपाएको बिहीवार पत्रकार सम्मेलनमार्फत जानकारी गराएका हुन्।

नेपाल सुपारी खेती किसान पहल समितिका संयोजक गीताप्रसाद अधिकारीले किसानले उत्पादन गरेको सुपारी सोझै तेस्रो मुलुक निर्यात गर्न पाउनुपर्ने बताए। उनले नेपालमा सुपारी खेतीको विस्तारमा सरकारले चासो देखाए पनि निर्यातलाई सहज नबनाउँदा किसान समस्यामा परेको बताए।

"काँचो सुपारी सोझै तेस्रो मुलुक निर्यात गर्न हामीले सहजै पाउनुपर्छ," अधिकारीले भने, "हाम्रो मागलाई बेवास्ता गरेमा दश लाख बढी सुपारी किसान एकैपटक आन्दोलनमा उत्रिन्छौं।" उनले सुपारी किसानले कृषि विकास मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा छलफल गर्दै आफ्ना माग पटकपटक राखिसकेको जानकारी दिए।

अर्जुनधारा नगरपालिकामा विगत ३० वर्षदेखि सुपारी व्यवसाय गर्दै आएका सरेन्द्र साहले बिलौचियामार्फत स्थानीयस्तरमा उत्पादित राम्रो सुपारी भारत जाने र भारतको नराम्रो, कुहिएको सुपारी उनीहरूमार्फत नेपाल आउँदासम्म पनि सरकारले बेवास्ता गरेको गुनासो गरे।

सुपारी किसानको नाममा विभिन्न संस्था खोलेर बिचौलिया हाबी हुँदै किसान मर्कामा परेका उनको भनाइ थियो।

झापा, मोरङ, सुनसरी, उदयपुर र इलाममा चार हजार ५४ हेक्टरमा सुपारीको व्यावसायिक खेती हुँदै आएको छ। आर्थिक वर्ष २०७९/८० मा कोशी प्रदेशमा १४ हजार ५६१ मेट्रिक टन सुपारी उत्पादन भएको थियो।

# नवरात्रको छैटौं दिन : कात्यायनी देवीको पूजा आराधना गर्दै

काठमाडौं, ३ कात्तिक/रासस

दुर्गा पक्ष अर्थात् नवरात्रको छैटौं दिन दशैं घर वा पूजाकोठामा नौ दुर्गामध्येकी छैटौं कात्यायनी देवीको विधिपूर्वक पूजा आराधना गरिंदै आएको छ।

प्रत्येक वर्ष आश्विन शुक्ल षष्ठी अर्थात् दुर्गा पक्षको छैटौं दिन कात्यायनी देवीको विधिपूर्वक पूजा आराधना गर्ने वैदिक सनातनी परम्परा छ। यही परम्परा अनुसार आज घटस्थापना गरेको स्थलमा षोडशोपचारले विधिपूर्वक कात्यायनी देवीको आह्वान गरी पूजा आराधना गरिन्छ।

कुनै समय देवताहरूको कार्यसम्पादन गर्न भगवती देवी कात्यायन ऋषिका आश्रममा अत्यन्त सुन्दरी कुमारीका रूपमा अवतार लिन्छन्। उनको बाल सौन्दर्यबाट मुग्ध भएर कात्यायन ऋषिले पुत्रीका रूपमा स्वीकार गरेछन्। यसैले यिनको नाम कात्यायनी भएको विभिन्न पौराणिक ग्रन्थमा उल्लेख गरिएको छ।

कात्यायनीको प्रतिमा लक्षणमा शार्दूल वाहन भएकी, दानव घातिनी, हातमा खड्ग लिएकी, एउटा चुल्ठो भएकी, कानमा जपापुष्प (एक प्रकारको फूल) तथा यार्लिङ लगाएकी, गधामा बसेकी, नग्न, ठूलठूला ओठ भएकी र शरीरमा तेल घसेकी हुन्छिन् भनेको पाइन्छ। यस्ती देवीको आज विशेष पूजा आराधना गरिन्छ।

नवरात्रको पहिलो दिन असोज २८ गते आइतवार दशैंघर वा पूजा कोठामा वैदिक विधिपूर्वक घटस्थापना गरी जौको जमरा राखिएको थियो। त्यसै दिन घटस्थापना गरिएको स्थानमा नौ दुर्गामध्येकी पहिलो देवी शैलपुत्रीको आह्वान गरी विधिपूर्वक पूजा आराधना गरियो। दोस्रो दिन सोमवार पूजास्थलमा

(बाँकी पाँचौं पातामा)


**पोखरामा बढे बाह्य पर्यटकः** पोखराको फेवातालमा रहेको बाराही मन्दिर दर्शन गरेर फर्कन डुङ्गा चढ्दै भारतीय पर्यटक। पछिल्लो समय पोखरामा भारतीय पर्यटकको आगमन बढेको छ। तस्बिरः जमुनावर्षा शर्मा/रासस


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

चिकित्सकको नाम — सम्पर्क नं. — आबद्ध स्वास्थ्य सेवा
१. डा. सागरमान अमात्य ५२१७९६ सर्वोत्तम अस्पताल
२. डा. अशोक दास ५३४४०३ आशाराम हस्पिटल, पानीटङ्की–१०
३. डा. आनन्दकुमार झा ०५१–५३०५२० दसतल्ले भवनको गेटनजिक, बिर्ता
४. डा. श्यामसुन्दर दास
५. डा. प्रवीण सिंह ९८११८४२९४६ ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१–५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि
४. डा. आमोद श्रेष्ठ (न्यू त्रिलोकी क्लिनिक), ९८१२२३८९६५, दशतले भवनछेउमा, बिर्ता, वीरगंज–४

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१–५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की–१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१–५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१–५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१–५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१–५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३–५२१९२०/९८४५६५६५४०

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३

# अन्तर्राष्ट्रिय समाचार

## सहायता सामग्री पुऱ्याउन गाजा सीमा खोल्ने सम्झौता

गाजापट्टी, २ कात्तिक/एएफपी

अमेरिकी राष्ट्रपति जो बाइडेनले


तस्वीरः रायटर्स

बुधवार युद्धग्रस्त गाजामा अत्यन्त जरुरी मानवीय सहायता पुऱ्याउन अनुमति दिने एक सम्झौता शुरू गरेका छन्। गाजाबाट इजराइली हमलाका बीच १० लाखभन्दा बढी सर्वसाधारण घर छोडी भागेका छन्।

इजराइलमा प्रत्यक्ष भेटवार्ता र इजिप्टसँग गहन टेलिफोन वार्तापछि इजिप्टबाट गाजा प्रवेश गर्नका लागि बन्द भएको रफाह पार गर्न शुक्रवारदेखि सीमित सङ्ख्यामा ट्रकहरूलाई अनुमति दिइने बाइडेनले बताए।

अक्टोबर ७ यता गाजामा प्रवेश गर्ने यो पहिलो अन्तर्राष्ट्रिय राहत हुनेछ। अक्टोबर ७ मा प्यालेस्टिनी लडाकू समूह हमासले इजराइलमा आक्रमण गर्दा अधिकांश सर्वसाधारणसहित १,४०० को मृत्यु भएको छ भने हमासले करीब २०० जनालाई बन्धक बनाएको छ।

त्यसयता इजराइलले प्यालेस्टिनी क्षेत्रलाई घेरा हालेको छ र हवाई हमला शुरू गरेको छ।

साथै प्यालेस्टिनी क्षेत्रमा नाकाबन्दी लगाएको छ र अपेक्षित जमीन आक्रमणको तयारीका लागि दशौं हजार सेना सीमामा परिचालन गरेको छ।

संयुक्त राष्ट्रसङ्घ र मानवतावादी समूहहरूले गाजामा सैन्य पकड कम गर्न पानी, खाद्यान्न, इन्धन र औषधिहरूको आपूर्तिको अनुमति दिन आग्रह गरेका छन्।

राष्ट्रसङ्घीय मानव अधिकारवादी शीर्ष अधिकारी मार्टिन ग्रिफिथ्सले बुधवार गाजामा स्थिति गम्भीर रहेको भन्दै घाइतेले अस्पताल भरिएको, ३००० गाजावासी मारिएका र १२,००५ जना घाइते भएका बताए। "मृत्यु, पीडा र विनाशको गति बढाइचढाइ गरेर भन्न सकिन्न"–उनले भने।

विनाशका बावजूद गाजामा प्रवेशका लागि इजिप्टतिरको सीमा क्षेत्रमा १०० भन्दा बढी ट्रक लाइन लागेका छन्।

इजराइलले सहायता सामग्री पुऱ्याउने निहुँमा हमासको हातमा हतियार पुग्न सक्ने चिन्ता व्यक्त गरेको छ। दशकौंदेखिको सङ्घर्षको यो चरण शुरू भएपछि इजराइलले सीमापार क्षेत्रमा कैयौं हवाई हमला गरिसकेको छ।

सीमामा नियन्त्रण गरेको इजिप्टलाई प्रवेशद्वार खोल्दा दशौं हजार शरणार्थी आफ्नो भूमिमा आउने चिन्ता छ। अमेरिकी राष्ट्रपति बाइडेनले शुरूमा करीब २० वटा ट्रक गाजामा प्रवेश गर्ने र सबै पक्षबीच सहमति भए अरू ट्रक पठाइने बताए। "हामी सम्भव भएसम्म धेरैभन्दा धेरै ट्रक बाहिर पठाउन चाहन्छौं"–उनले भने–"यदि हमासले ट्रक नियन्त्रणमा लिन्छ र लक्षित स्थानमा पुऱ्याउन दिंदैन भने ट्रक पठाउने काम यहीं बन्द हुन्छ, हामी हमासलाई कुनै पनि मानवीय सहायता पठाउने छैनौं।"

इजराइली अधिकारीहरूले डेलिभरी खाद्यान्न, पानी र औषधिसम्म सीमित हुने भन्दै उक्त सामग्रीको प्रयोग हमासले गर्नेछैन भन्ने शर्त भएको बताएका छन्।

राष्ट्रसङ्घीय अधिकारी ग्रिफिथ्सले गाजामा मानवीय सहायता पूरा गर्न प्रतिदिन १०० ट्रक आवश्यक रहेको बताए। रासस

## रूसले गाजामा २७ टन मानवीय सहायता पठायो

मस्को, २ कात्तिक/एएफपी

रूसले बिहीवार गाजापट्टीमा सर्वसाधारणका लागि इजिप्टबाट २७ टन मानवीय सामग्री पठाएको मस्कोको आपत्कालीन मन्त्रालयले बताएको छ।

"मस्कोनजीकैको रामेन्स्कोये विमानस्थलबाट इजिप्टको अल–अरिशतर्फ एक विशेष विमानले उडान भरेको छ, गाजापट्टीमा पठाउनका लागि रूसी मानवीय सामग्री इजिप्टको रेड क्रिसेन्टलाई हस्तान्तरण गरिनेछ," उपमन्त्री इल्या डेनिसोभले एक विज्ञप्तिमा भनिन्। उनका अनुसार मानवीय सामग्रीमा गहुँ, चिनी, चामल र पास्ता छन्। अमेरिकी राष्ट्रपति जो बाइडेनले बुधवार युद्धग्रस्त गाजामा अत्यन्त जरुरी मानवीय सहायता पुऱ्याउन अनुमति दिने एक सम्झौता शुरू गरेका छन्। गाजाबाट इजराइली हमलाका बीच १० लाखभन्दा बढी सर्वसाधारण आफ्नो घर छोडी भागेका छन्।

इजराइलमा प्रत्यक्ष भेटवार्ता र इजिप्टसँग गहन टेलिफोन वार्तापछि इजिप्टबाट गाजामा प्रवेश गर्नका लागि बन्द भएको रफाह पार गर्न शुक्रवारदेखि सीमित सङ्ख्यामा ट्रकहरूलाई अनुमति दिइने बाइडेनले बताए। रासस

## मध्यपूर्वको स्थायित्वका लागि इजिप्टसँग काम गर्ने सिको भनाइ

बेइजिङ, २ कात्तिक/एएफपी

चीनका राष्ट्रपति सी जिनपिङले इजिप्टका प्रधानमन्त्रीसँग बिहीवार मध्यपूर्वमा 'बढी स्थायित्व' ल्याउन आफ्नो मुलुकले इजिप्टसँग मिलेर काम गर्ने अपेक्षा गरेको बताएका छन्।

"चीन इजिप्टसँग सहयोग बढाउन तथा मध्यपूर्व र विश्वमा बढी निश्चितता र स्थायित्व ल्याउन इच्छुक छ"–बेइजिङमा राष्ट्रपति सीले इजिप्टका प्रधानमन्त्री मोस्तफा मदबोलीसँग भएको भेटमा भनेको भन्दै सरकारी प्रसारक सिसिटिभीले जनाएको छ।

"चीन र इजिप्ट असल मित्र हुन्, जसको लक्ष्य समान छ र एकापसमा विश्वास गर्छन्। विकास र साझा समृद्धिका लागि हातमा हात मिलाएर काम गर्ने असल साझेदार हुन्"–सीको भनाइ उद्धृत गर्दै सिसिटिभीले भनेको छ–"वर्तमानमा अन्तर्राष्ट्रिय र क्षेत्रीय परिस्थिति गहिरो र जटिल परिवर्तनबाट गुज्रिरहेको छ र विश्वले एक शताब्दीदेखि नदेखिएको तीव्र परिवर्तन अनुभव गरिरहेको छ।"

सीले अन्तर्राष्ट्रिय निष्पक्षता र न्यायका साथै विकासशील मुलुकहरूको समान हितको रक्षा गर्न बेइजिङ कायरोसँग मिलेर काम गर्न इच्छुक रहेको पनि बताए।

इजराइल–हमासबीच युद्ध शुरू भएयता इजिप्टले गाजापट्टीतिरको आफ्नो सीमा प्रायः बन्द गरेको छ। गाजामा मानवीय स्थिति लगातार दयनीय बन्दै गएको छ। तर कायरोले बिहीवार रफाह क्रसिङमार्फत मानवीय सहायताका लागि 'दिगो मार्ग' दिने बताएको छ।

आगामी वर्षदेखि इजिप्ट उदीयमान अर्थतन्त्रहरूको समूह ब्रिक्सको औपचारिक सदस्य बन्ने भएसँगै हालैका महीनामा चीन र इजिप्टबीच सम्बन्ध मजबूत हुँदै गएको छ। रासस

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

### आजको राशिफल

| | |
|---|---|
| मेष – प्रगति | वृष – वादविवाद |
| मिथुन – यात्रालाभ | कर्कट – शत्रुपराजय |
| सिंह – सुसमाचार | कन्या – उदरपीडा |
| तुला – विजय | वृश्चिक – धनलाभ |
| धनु – भाग्योदय | मकर – बेचैनी |
| कुम्भ – धनलाभ | मीन – सफलता |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फलेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com


गाउँघरमा अझैं पनि चाडपर्व, उत्सवको समयमा देखाइने डुलडुल घोडाको नाच देखेर रमाउँदै बालबालिका। डुलडुल घोडा नचाएर उनीहरुले घर–बजारबाट पैसा उठाएर जीविकोपार्जन गर्छन्। तस्वीरः नरेश यादव

## बारागढी–१ मा दुर्गा माता मन्दिरको शिलान्यास

प्रस, वीरगंज, २ कात्तिक/

बारा जिल्लाको बारागढी गाउँपालिका–१ पिपरास्थित योगेश्वर शिवमन्दिर परिसरमा दुर्गामाताको मन्दिर निर्माण हुने भएको छ।

बडादशैंको अवसरमा बिहीवार मन्दिर निर्माणकर्ता माधवप्रसाद गौतमले शिलान्यास गरेका हुन्।

उनले आगामी चैते रामनवमीमा प्राणप्रतिष्ठा र मन्दिरको उद्घाटन हुने गरी काम सम्पन्न हुने बताए।

शिलान्यास कार्यक्रममा गौतमका छोरा सुशील गौतम, भाइ विनयराज गौतम, बुहारी आशा गौतम र स्थानीय देवेन्द्र चौधरीलगायतको सहभागिता थियो।


तस्वीरः प्रतीक

## बझाङ केन्द्रबिन्दु बनाएर भूकम्प

बाजुरा, २ कात्तिक/रासस

सुदूरपश्चिम प्रदेशको बझाङ केन्द्र विन्दु बनाएर भूकम्प गएको छ।

गए राति १० बजेर ३ मिनेटमा बझाङ सदरमुकाम चैनपुर आसपास केन्द्र विन्दु बनाएर ४.६ रेक्टर स्केलको भूकम्प गएको भूकम्प मापन केन्द्र सुर्खेतले जनाएको छ।

भूकम्पको धक्का बझाङका साथै बाजुरा, अछाम, डडेल्धुरा, बैतडी, दार्चुलालगायत सुदूरपश्चिम प्रदेशका पहाडी जिल्लामा समेत महसूस गरिएको छ। लगातार भूकम्प जान थालेपछि यस प्रदेशका बासिन्दा त्रसित बनेका छन्।

### नवरात्रको छैटौं दिन ....

दोस्रो ब्रह्मचारिणी देवीलाई आह्वान गरी विधिपूर्वक पूजा आराधना गरिएको थियो भने तेस्रो दिन मङ्गलवार चन्द्रघण्टा देवीको निष्ठाका साथ पूजा आराधना गरियो। चौंथो दिन बुधवार कुष्माण्डा देवीको विधिपूर्वक पूजा आराधना गरिएको थियो भने पाँचौं दिन बिहीवार स्कन्दमाता देवीको पूजा आराधना गरियो।

छैटौं दिन आज कात्यायनी देवीको विधिपूर्वक पूजा आराधना गरियो। नवरात्रका नौ दिन घटस्थापना गरिएको स्थलमा दुर्गा सप्तशती (चण्डी), श्रीमद्देवीभागवतलगायत देवी स्तोत्र पाठ समेत गरिन्छ। नवरात्रका अवसरमा देवीको आराधना गरी पूजा गरेमा शक्ति, ऐश्वर्य र विद्या प्राप्त हुने धार्मिक विश्वास छ। यसै आधारमा वैदिक सनातन धर्मावलम्बीले प्रत्येक वर्ष आश्विन शुक्ल प्रतिपदादेखि नवमीसम्म दुर्गा देवीको विशेष पूजा आराधना गर्छन्।

नौ दिनसम्म पूजा आराधना गरेको प्रसाद देशका धेरै भागमा विजयादशमीदेखि कोजाग्रत पूर्णिमाका दिनसम्म लगाइन्छ। कतै भने कुल परम्परा अनुसार विजयादशमीका दिनमा मात्र लगाउने प्रचलन पनि छ। शास्त्रीयरूपमा दुर्गा पक्षभर अर्थात् कोजाग्रत पूर्णिमासम्म दुर्गा देवीको प्रसादका रूपमा जमरा टीका लगाउन सकिने व्यवस्था रहेको धर्मशास्त्रविद् प्राडा देवमणि भट्टराई बताउँछन्। यसरी १५ दिनसम्म नेपालीले बडादशैं पर्व धूमधामका साथ मनाउँछन्।

दुर्गा पक्षसमेत भनिने दशैंको पहिलो दिन शैलपुत्री, दोस्रो दिन ब्रह्मचारिणी, तेस्रो दिन चन्द्राघण्टा, चौथो दिन कुष्मान्डा, पाँचौं दिन स्कन्दमाता, छैटौं दिन कात्यायनी, सातौं दिन कालरात्रि, आठौं दिन महागौरी र नवौं दिन सिद्धिदात्रिको पूजा अराधना गर्ने गरिन्छ। यिनै नौवटा दुर्गाका रूपलाई नवदुर्गा पनि भनिन्छ।

### चाडपर्वमा हराउँदै ...

आधारमा त्यस्ता आत्मालाई प्रवेश गर्न नदिन मिथिलानीहरूले राति जाग्राम रही ग्राम देवतालाई पुकारा गर्दै गाउने गीत र नृत्यलाई 'झिझिया' भनिन्छ।

असङ्ख्य ससाना प्वाल पारिएको माटोको गाग्रो (घैंटो)भित्र बत्ती बालेर एकजना फनफनी नाच्दै घुम्ने र अरूले गीत गाउँने गरेको यो पुरानो संस्कृति नयाँ पुस्ताका छोरी बुहारीले नअँगालेपछि यो लोप हुने स्थितिमा पुगेको अगुवा महिला नै बताउँछन्। "हुनत यो अन्धविश्वासको परम्परा हो," भङ्गाहा नगरपालिकाका उपप्रमुख शान्तिदेवी सिंह थारू भन्छिन्, "तर मिथिला संस्कृतिको अभिन्न अङ्ग भनिने गरिएकाले यसलाई परिमार्जित गर्दै संरक्षण गर्न जरुरी छ।" तान्त्रिक विधिको यो गीत–नृत्य अब एक समयको कथाजस्तो बनिसकेको उपप्रमुख थारूको थप भनाइ छ।

मिथिलामा हराउँदै गएको यो संस्कृतिलाई केही वर्षयता गैरसरकारी सामाजिक सङ्घसंस्थाहरूले यदाकदा देखाउने गरेका भएपनि जनमनबाट भने हराउँदै गएको यहाँका बुद्धिजीवीको भनाइ छ। "यो औपचारिक कार्यक्रममा मञ्चन गरिने होइन, संस्कृतिसँग जोडिएको कुरा हो," महोत्तरीको मटिहानीस्थित याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठका उपप्राध्यापक मनोज झा मुक्तिले भने, "गैरसरकारी संस्थाले मञ्चमा मञ्चन गरेर यो थेगिंदैन, जनमनले नै थेग्नुपर्छ।" मिथिला संस्कृतिको अभिन्न अङ्ग मानिएको झिझिया गीतको नृत्यलाई जीवन्त राख्न पछिल्लो पुस्ताले चासो बढाउन झासहितका बुद्धिजीवीको सुझाव छ।

अब झिझियाको लयमा नारी शिक्षाको अवस्था, सुरक्षा अवस्थाको चुनौती र वर्तमान परिवेशसँग मेल खाने भाव समेटेर यसलाई परिष्कृत गर्नुपर्ने अगुवा मिथिलानी बताउँछन्। यस्तो गर्न सकिएमा लोकपरम्पराको जगेर्ना र वर्तमान आवश्यकताको कुरा व्यक्त हुन सक्ने भङ्गाहा–३ कटैयाकी रामराजी यादवको भनाइ छ। "नयाँ पुस्ताका युवा छोरी–चेलीहरू वास्ता देखाउँदैनन्," यादवले भने, "अब त झिझिया भन्ने कुरा कुनै जमानाको कथा जस्तो गरी सुनाउने स्थिति भइसक्यो, यो अवस्था अन्त्यका लागि हामीले नै पहलकदमी लिनपर्छ।"

'चलचल गे डैनिया कदम तर तोरा बेटाके खैबौ बरमतर' (अरे दुष्टात्मा तँ अगाडि कदमको रूखतिर त बढ, तेरो छोरालाई त्यहीं ब्रह्मस्थाननजीक हामी खानेछौं) दुष्टात्माकी भनिएकी कथित बोक्सीलाई सत्तोसराप गर्दै गाइने यी गीत र यसको तालमा नाचिने झिझिया नृत्यलाई यसैको ताल र लयमा नयाँ परिवेशसँग मिलाएर अघि बढ्नुपर्ने आवश्यकता अब औंल्याउन थालिएको छ। "अब डायनी, बोक्सी भनेर गाली गरिने यी गीतको भावमा अधिकारप्राप्तिका लागि सचेतता बढाउने, रूढि परम्पराको ठाउँमा समानता र न्यायका पक्षका लडाइँका भाव मिलाउनुपर्छ," बर्दिवास–१२ बिजलपुराकी महिला नेत्री गीतादेवी महतो भन्छिन्, "झिझियालाई यसरी परिष्कृत गर्दै अघि बढे यसलाई मुलुकको समानता र न्यायको आन्दोलनकै अङ्ग बनाउन सकिनेछ।"

झिझिया गीतमा देवी दुर्गाको प्रार्थना, बोक्सी भनिने दुष्टात्मालाई गाली र सन्तानको कल्याण र दीर्घायुको कामनाको भाव हुन्छ। गीतको तालमा असङ्ख्य प्वालैप्वाल भएको घैंटो टाउकामा राखेर नाच्ने महिलाको नृत्यताल मनमोहक हुने गर्छ। भित्र बत्ती बालिएको सो घैंटोमा पारिएका प्वाल दुष्टात्माले गन्यो भने नाच्नेको मृत्यु हुने भनाइ रहेकाले नाच्ने महिला फनफनी नाचेर प्वाल गन्न नसकिने अवस्था बनाउँछन्। मिथिला लोकसंस्कृतिको अभिन्न अङ्ग मानिने यो परम्परा अब लोप हुने अवस्थामा पुगेको हो।

पुरानो यो लोकसंस्कृति कायम राख्न अब यसलाई समय अनुसार परिष्कृत गर्दै अघि बढ्नुपर्नेमा पाका मैथिल पनि सहमत देखिन्छन्। यो अभिभारा नयाँ पुस्ताले उठाउनुपर्ने पाका मैथिलको सुझाव छ। दशैं पर्वको मैथिल लोकपरम्पराको 'ढोल' र 'झिझिया' जीवन्त राख्न नयाँ पुस्ताको चासोविना सम्भव नहुने मैथिल बुद्धिजीवी बताउँछन्। "यो परम्परा धान्दै आएका पुरानो पुस्ताकाहरू अब शरीरले नै लाचार भए, उनीहरूले चाहेर पनि गर्न सक्दैनन्" राष्ट्रिय माध्यमिक विद्यालय पशुपतिनाथ बनरझुल्ला (बर्दिबास–९)का प्रधानाध्यापक हरिदेव महतो भन्छन्, "हाम्रा विशिष्टता झल्काउने रितिथिति, परम्परा थेग्न, त्यसलाई प्रवर्द्धन गर्न नयाँ पुस्ताको चासो आवश्यक भएको हो।" यसरी यी परम्परा जोगाइराख्न तीभित्रका जडतालाई परिष्कृत गर्दै समय अनुसारको भाव जोड्नसके यो बचाउन सकिने महतोको राय छ।




स्थानीय तहमा विकासका नाममा सडकबीचमा रहेका फलाम र सिमेन्टको विद्युत्को पोल नसारिंदा दुर्घटनाको सम्भावना बढेको छ। बाराको निजगढ नगरपालिका कार्यालय जाने लिचीटोलस्थित सडकमा रहेको विद्युतीय पोलका कारण पनि दुर्घटनाको जोखिम बढ्दो छ। यस्ता सडकबीचमा रहेका पोलहरूलाई तत्कालै सार्न नसकिए पनि लाइट रिफ्लेक्टर स्टिकर टाँस्दा रातमा हुने सवारीसाधन दुर्घटनामा कमी हुन सक्छ। राजमार्गभन्दा पनि विभिन्न स्थानीय तहहरूका भित्री सडकहरूमा दुर्घटनाको जोखिम बढ्दै गएको ट्राफिक प्रहरी कार्यालयको तथ्याङ्कले देखाएको छ। मधेस प्रदेशका अधिकांश स्थानीय तहका सडक विकासमा यस्तै समस्या व्याप्त रहेको देखिन्छ। दशैं, तिहार, छठ पर्वमा यस्ता भित्री सडकमा आवागमनमा चाप बढ्ने गर्दा दुर्घटना हुने सम्भावना बढ्दो छ। शब्द/चित्रः जीतलाल श्रेष्ठ

## शुभकामना आदानप्रदान

प्रस, पोखरिया, २ कात्तिक/

ग्रामीण पत्रकार समाजले बिहीवार जीराभवानी गाउँपालिका–२ जीराभवानी मन्दिरमा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न गरेको छ।


तस्वीरः प्रतीक

बडादशैं, तिहार र छठ पर्वको अवसरमा आयोजित शुभकामना आदानप्रदान कार्यक्रममा नेपाल पत्रकार महासङ्घ, पर्साका अध्यक्ष अनुप तिवारीले ग्रामीण क्षेत्रका पत्रकारहरूलाई जिम्मेवारीपूर्वक पत्रकारिता धर्म निर्वाह गर्न सुझाए। उनले ग्रामीण क्षेत्रका पत्रकारहरू आफू आबद्ध सञ्चारमाध्यमबाट समाचार प्रकाशन गर्नुभन्दा सामाजिक सञ्जालहरूमा गैरजिम्मेवारी तरीकाबाट प्रस्तुत हुने गरेकामा त्यसो नगर्न सुझाए।

समाजका अध्यक्ष धर्मेन्द्र चौरसियाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा उपाध्यक्ष ओमप्रकाश चौधरी, सदस्यद्वय रामकिशोर चौधरी र मेघराज चौधरीले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।


**चाडपर्वको बेला सुरक्षित यात्रा गरौ ।**

- चाडपर्वमा यात्रीको चाप बढ्ने भएकोले,
- पर्याप्त संख्यामा र नियमितरूपमा सवारी साधन सञ्चालन गरौं,
- सवारी साधनमा अनावश्यक भिडभाड नगरौं,
- सवारी साधनमा क्षमताभन्दा बढी यात्री नबोकौं,
- सवारी साधनको छतमा बसेर यात्रा नगरौं,
- सवारी साधनको नियमित मर्मत तथा परिक्षण गरौं,
- मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं,
- दुर्घटनाबाट आफूपनि बचौं र अरूलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


### रौतहट कारागार ....

रोटी खाने १२० जना कैदीबन्दी छन्।

यी कैदीबन्दीहरूका लागि अहिलेसम्मको तथ्याङ्क अनुसार मासिक ३० बोरा पीठो खर्च भइरहेको उनले बताए। कैदीबन्दी महताब आलमले आफू मधुमेहको बिरामी भएको र पाउने चामल बिक्री गरेर पीठो खरीद गरी रोटी खाने गरेको बताए। उनले सरकारले उपलब्ध गराउने चामल गुणस्तरीय नभएको पनि आरोप लगाए। आलमले आज सञ्चारकर्मीहरूलाई सरकारले उपलब्ध गराएको सेवा सुविधा हालको अवस्थामा अपुग भएको र आवश्यक खर्च धेरैजसो कैदीबन्दीले घरबाट मगाएर पूरा गर्दै आएको बताए।

कारागार व्यवस्थापन कार्यविधि २०७३ को दफा १५ मा कैदीबन्दीले पसल खोल्ने व्यवस्था दफा १६ मा मालसामानको खरीद–बिक्री गर्ने व्यवस्था दिएको छ।

गौर कारागारका प्रमुख मणिभूषण साहले गत साउनदेखि कारागारमा रहेका ३६५ जना कैन्दीबन्दीले आफ्नोलागि सरकारले उपलब्ध गराएको सात सय ग्राम चामल बिक्री गर्दै आएको र सोबापत पीठो लिने गरेको बताए। उनीहरूले पाउने चामल बिक्री गर्न पाउने कारागार नियमावलीमा रहेको प्रमुख साहले बताए। कारागारका कैदीबन्दीहरूको लागि उपलब्ध चामल बजारमा बिक्री भएको पाइएको र सोबारेमा जिल्ला प्रशासन कार्यालय, रौतहटले कारबाई प्रक्रिया शुरू गरेपछि कारागार प्रशासनले यथार्थ कुरा बाहिर ल्याउनका लागि सञ्चारकर्मीहरूको सहयोग लिएको हो। कारागार प्रमुख साहले कैदीबन्दीहरूले साउन १ गतेदेखि निर्णय नै गरेर चामल बिक्री गर्दै पीठो लिंदै आएको बताए।

जिल्ला प्रशासन कार्यालय, रौतहटका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्रले गौर कारागारका कैन्दीबन्दी चामल पसलमा फेला परेकाले अनुसन्धान भइरहेको र दोषी पाइएमा कारबाई हुने बताए।

उनले अनुसन्धान कार्य पूरा नभएको तर प्रारम्भिक अनुसन्धानबाट कैदीबन्दीहरूमध्ये मधुमेहका रोगी भएका र उनीहरूले नै चामल बिक्री गरेर पीठो लिने गरेको बताए। प्रजिअ मिश्रले अनुसन्धानले थप कुराहरूको पुष्टि गर्ने बताए।

# खेलकूदको संसार

## बडादशैं फूटबलः थारू–११ र न्यू महावीर फाइनलमा भिड्ने

प्रस, पर्सागढी, २ कात्तिक/

पर्सागढी नगरपालिका–३ बडनिहार खेलमैदानमा जारी स्व सञ्जय पाठक स्मृति बडादशैं फूटबल प्रतियोगिता अन्तर्गत बिहीवार सम्पन्न अन्तिम सेमिफाइनल खेलमा वीरगंज सिटीलाई पराजित गर्दै थारू–११ बारा फाइनलमा प्रवेश गरेको छ।


तस्वीरः प्रतीक

निर्धारित समयमा दुवै पक्षबाट गोल नभएपछि खेलको निर्णय टाइब्रेकरबाट गरिएको थियो। टाइब्रेकरमा थारू–११ बाराले लगातार तीन गोल गर्‍यो भने वीरगंज सिटी क्लबले एकमात्र गोल गर्न सक्यो। वीरगंज सिटीका दुईवटा प्रहारलाई थारू–११ बाराका गोलकीपरले बचाएका थिए।

आजको खेलमा थारू–११ का अविनाश, कृष्ण र अजीत चौधरीले एक/एक गोल गरे भने वीरगंज सिटीका मुन्ना चौधरीले एकमात्र गोल गरेका थिए।

प्रतियोगिताको फाइनल शनिवार कात्तिक ४ गते आजको विजेता थारू–११ बारा र हिजोको विजेता न्यू महावीर युवा क्लब सोलखपुरबीच हुने भएको छ।

## वनशक्ति युवा क्लब विजयी

बलिराम शुक्ल, बिरुवागुठी, २ कात्तिक/

पर्सागढी नगरपालिका–१ मा जारी खसियाही गढीमाई गोल्डकप फूटबल प्रतियोगिता अन्तर्गत बिहीवार भएको चौथो


तस्वीरः प्रतीक

दिनको खेलमा वनशक्तिमाई युवा क्लब, सिद्धपुर विजय भएको छ।

खसियाही गढीमाई युवा समितिद्वारा जारी खेलमा वनशक्तिमाई युवा क्लब, सिद्धपुरले डुमरवाना भेट्रान युथ क्लब, बारालाई शून्यका विरुद्ध दुई गोलअन्तरले पराजित गरेको हो। वनशक्तिमाई युवा क्लबका सञ्जीत उरावले दुई गोल गरेका थिए।

भोलिदेखि क्वार्टरफाइनल चरणका खेल शुरू हुने र पहिलो क्वार्टरफाइनलमा बिरुवागुठी युथ क्लब बडनिहार र महावीर युथ क्लब सोलखपुरबीच हुने आयोजक कमिटीका अध्यक्ष मदन पटेलले बताए।

## एसिसी प्रिमियर कप क्रिकेट : नेपाल सेमिफाइनलमा प्रवेश

काठमाडौं, २ कात्तिक/रासस

एसिसी १९ वर्षमुनि (यू–१९) प्रिमियर कप क्रिकेट प्रतियोगितामा नेपालले साउदी अरेबियालाई ३०१ रनको फराकिलो अन्तरले पराजित गरेको छ।

मलेशियाको युएसडी–युकेएम ओभल क्रिकेट मैदानमा भएको खेलमा नेपालले साउदी अरेबियालाई ३४८ रनको विशाल लक्ष्य दिएको थियो। जवाफमा साउदी अरब १९ दशमवल एक ओभरमा सबै विकेट गुमाउँदै ४६ रनमा समेटियो। यो जीतसँगै नेपाल समूह 'ए'को विजेता हुँदै सेमिफाइनलमा प्रवेश गरेको हो।

नेपालले सेमिफाइनलमा समूह 'डी'को विजेतासँग खेल्नेछ। नेपालले पहिलो खेलमा इरानलाई २७४ रनले पराजित गरेको थियो भने दोस्रो खेलमा बहराइनलाई सात विकेटले हराएको थियो।

साउदीका लागि वरुण मुदालियरले २५ बलमा सर्वाधिक ११ रन बनाए। मोहम्मद अहमद नौ रनमा अविजित रहे भने अब्दुल्लाह सिराजले नौ रन बनाए। साउदीलाई सस्तैमा समेट्ने क्रममा नेपालका दीपेश कँडेल एक्लैले छ विकेट लिए भने आकाश चन्दले दुई तथा सुवास भण्डारीले एक विकेट लिए।

त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको नेपालले निर्धारित ओभरमा आठ विकेट गुमाएर ३४७ रनको योगफल बनाएको थियो। नेपालका लागि अर्जुन कुमालले शतकीय पारी खेलेका थिए। उनले १४२ रन बनाएका थिए। आकाश त्रिपाठीले ८९ रनको योगदान गरे भने दीपक बोहोराले २९ रन बनाए। त्यस्तै, दीपकप्रकाश डुम्रे १४ रनमा आउट हुँदा मिलन बोहरा नौ र दीपेश कँडेलले १४ रन बनाए। विशालविक्रम केसी २४ रनमा अविजित रहे।

साउदीका मोहम्मद अहमद राजा र मोहम्मद घयोर अहमदले समान दुई/दुई विकेट लिए भने जुहेयर मोहम्मद, अब्दुल्लाह सिराज र शजीब मुजीबुर रहमानले समान एक/एक विकेट लिए।

## नेपालद्वारा हङकङ पराजित

काठमाडौं, २ कात्तिक/

राजधानीमा जारी त्रिकोणात्मक टी–२० क्रिकेट शृङ्खलामा नेपालले हङकङलाई छ विकेटले पराजित गरेको छ। हङकङले प्रस्तुत गरेको ९५ रनको विजयी लक्ष्य पच्छ्याएको नेपालले १३ दशमलव पाँच ओभरमा चार विकेट गुमाउँदै पूरा गर्‍यो। यो जीतसँगै नेपालले जारी प्रतियोगितामा लगातार दोस्रो जीत दर्ता गराएको छ।

हिजो भएको पहिलो खेलमा नेपालले संयुक्त अरब इमिरेट्स (युएई)लाई सात विकेटले पराजित गरेको थियो।

नेपालका लागि आरिफ शेखले सर्वाधिक ४२ रनको योगदान दिए। उनले ३४ बलमा छ छक्कासहित ४२ रनको योगदान दिएका हुन्। कप्तान रोहितकुमार पौडेलले अविजित २५ रन बनाए भने गुल्सन झाले अविजित १४ रन जोडे। कुशल भुर्तेल आठ रनमा आउट भए।

हङकङका लागि एहसान खानले तीन विकेट लिए भने यासिम मुर्तजाले एक विकेट झारे। त्यसअघि माथिल्लो मूलपानी क्रिकेट मैदानमा टस हारेर पहिले ब्याटिङको निम्तो पाएको हङकङ १९ दशमलव तीन ओभरमा सबै विकेट गुमाउँदै ९४ रनमा समेटिएको थियो। हङकङका लागि यासिम मुर्तजाले सर्वाधिक ३६ बनाए। जिसन अलीले १७ रन बनाउनुबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन जोड्न सकेनन्।

हङकङलाई ९४ रनमा समेट्नेक्रममा नेपालका करण केसीले चार विकेट लिए भने अविनाश बोहरा र सोमपाल कामीले समान दुई/दुई विकेट लिए। त्यस्तै, कुशल मल्ल र श्याम ढकाल (मौसम)ले समान एक/एक विकेट लिए।